नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ मंसिर पूर्णिमा/सकिमिला पुन्हि- वर्ष ३८ अंक ७
बु.सं. २५५४ ने.सं. ११३१

The Ananda Bhoomi (Year 38, Vol. 7)
A Buddhist Monthly :November/Dec 2010

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकारः*
**भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापनः*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन**
स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्*
**विनोद महर्जन**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**मधु'व मञ्ञती बालो-याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं-अथ बालो दुक्खं निगच्छति ॥**

*अर्थात् ः पापको फल भोग्नु नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ।*

पापयागु फल मवःतले मूर्ख थःम्हं यानागु पापयात करितसमान भालपाःच्वनी । तर गुखुन्हु पापयागु फल भोग यायेमाली उखुन्हु उम्ह मूर्ख दुःखी जुई ।

As long as the evil deed done does not bear fruit. The fool thinks it is like honey; but when it ripens, then the fool suffers grief.

**- धम्मपद, ६९**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवं प्रचलित नियम कानुनहरुको पनि ख्याल गरौं ।

नेपाल सरकार

सूचना तथा संचार मन्त्रालय

**सूचना विभाग**

# सम्पादकीय

## कथिनोत्सव धर्मगौरवपूर्ण होस्

यसवर्ष विहारविहारमा संचालित धार्मिक उत्सवमय कथिन-उत्सव सम्पन्न भयो । कथिन उत्सवको आफ्नै निदान-इतिहास, महत्व र विशेषताका कारण यसले यौटा छुट्टै थेरवादी धार्मिक संस्कृतिको स्वरूप लिइसकेको छ । विनयग्रन्थअनुसार बुद्धको समयमा यातायात असुविधा तथा वर्षायामको कारणले उत्पन्न हुने जीवहरूको उपघात हुने अपवादबाट बच्न, वर्षाले रूभ्की हुने रोगबाट मुक्त हुन, धर्मको गहिरो अध्ययन-अध्यापन, ध्यानाभ्यास, आध्यात्मिक-मानसिक चिन्तनको विकासकासाथै श्रद्धालु अनुयायी उपासकउपासिकाहरूले पनि धर्मश्रवण गरी ज्ञानलाभ गर्छन् भन्ने रचनात्मक अवधारणाको विकसित स्वरूप 'वर्षावास' को विधान भएको देखिन्छ । यसरी नै एउटै विहारमा तीन महिनासम्म अक्षुण्ण रूपमा निवासगरी धर्मको अभ्यास गर्ने विनय-नियमको दृष्टिकोणबाट भिक्षुहरूका लागि सुविधा व्यवस्थाका लागि स्वयं बुद्धकै विद्यमान अवस्थामैं प्रचलनमा देखिएको सांस्कृतिक विधान हो- कथिन चीवर दान ।

वास्तवमा निश्चित नियमको दायराभित्र रहेर विनय-नियमपूर्वक मात्र सम्पन्न गर्नसकिने भएर 'कथिन' भनिएको हो । 'कथिन वा कठिन' लाई सर्वसाधारणले धेरै गाह्रो वा कठिनकै रूपमा जानिरहेका छन् । 'कथिन उत्सव' निश्चित नियम र परिधिभित्र आबद्धभई सश्रद्धाले गर्ने धार्मिक कार्य हो । यसलाई आकाशबाट अवतरितझैं महान आनिशंस प्राप्त हुने दानमध्ये एक उत्कृष्ट दानको रूपमा धर्मग्रन्थमा उल्लेख भएको छ । त्यसो आजभोलि 'कथिनोत्सव' मान्नु विहार र भिक्षुहरूका लागि प्रतिष्ठा र गर्वको विषय बन्दै गएको छ भने प्रतिस्पर्धात्मक एवं बाह्य प्रदर्शनमा बढावा दिंदै अघिबढ्ने प्रयासबाट सम्बन्धित पक्ष सचेत हुनुपर्ने देखिन्छ, अन्यथा विकृतिले ठाउँ पाउने हुन्छ । हामी सम्बन्धित पक्षले नै यसलाई प्रतिष्ठा र गौरवको विषय ठानेर जसरी हुन्छ धेरै भन्ते, अनागारिका, उपासकपासिकाहरूको भीडभाड र सहभागिता गराउने, हाम्रो विहारमा यतिले दान दिए, यत्तिका भीड जम्मा भए, अरूमा भन्दा बढी दानकार्य भए...... भन्ने जस्ता आवश्यक-अनावश्यक चर्चालाई गर्व र प्रतिष्ठाको विषय बनाइनु हुन्न ।

कुनैपनि धर्मसंस्कृतिले आध्यात्मिक सुखशान्तिको अलावा त्यसले सामाजिक परिवर्तनमा भूमिका निर्वाह गर्न सके, त्यसलाई जनस्तरबाट धान्न सके, त्यसलाई सहजरूपबाट अपनाउँदै जानसके, आर्थिक मितव्ययी अपनाउन सके त्यस किसिमको सांस्कृतिक धरोहरले जरो गाड्दै जाने स्वाभाविक कुरा हुन् । जहाँसम्म कथिनोत्सवको कुरा छ, यसलाई उत्सवमैं मात्र सीमित गर्ने सोचबाट हामी सम्बन्धित सचेत हुनुपर्छ भन्ने मान्यताको कदर गरिनु हाम्रै लागि सुखद् विषय हुनसक्छ ।

श्रद्धा र आस्थासहित कथिनोत्सवमा हुने दान-प्रदानको संस्कार निश्चय पनि धर्मगौरवको विषय हो । तर दान दिने दाताहरूले घम्साघम्सि गरी दान गर्न जुन आतुरता प्रदर्शन गर्छन्, त्यसलाई व्यवस्थित, शिष्ट, सौम्यता अपनाउन सके अझ राम्रो हुने देखिन्छ । यसरी दानदिंदाको सुखद् आनन्द धर्मप्रीतिमा परिणत हुने सुनिश्चित छ । जे होस् हामीले मानेरै, भित्रि हृदयदेखि स्वीकार गरेरै प्रतिष्ठित भएको धार्मिक कार्यलाई हामी सम्बन्धित जो सुकै होउन्, सबैले धर्मगौरवपूर्वक त्यस धर्मकार्यलाई निरन्तरता दिने चेष्टा हामीमै हुनु नितान्त आवश्यक छ । हाम्रो धर्मसंस्कृतिलाई हामी आफैले गौरवपूर्ण तवरले स्वीकार गर्न सक्दैनौं, हिच्किचाउँछौं, कर मेट्नेसरी व्यवहार गर्छौं भने अरूले त्यसलाई मान्नुपर्छ भनेर हामीले कसलाई सुनाउने, कसको लागि लेख्ने, सुनाउने लेख्ने नै गरेपनि सुन्नै पर्छ, पढ्नै पर्छ भनेर हामीले दावा कसरी गर्ने ? यो विचारणीय कुरा हो ।

अनुशासनको विषय नै यस्तो हुँदो रहेछ कि भनाई र लेखाईमा जति सहज भएपनि गराई र कार्यरूपमा देखिइनु कठिन हुँदोरहेछ । जे होस् आफ्ना अनुयायीहरूलाई सौम्य तरिकामा सार्वजनिक स्थलमा कसरी विधिव्यवहार गरिनु पर्छ, कसरी अघि बढ्ने भन्ने सिकाउने कामकर्तव्य जान्नेहरू, गुरूहरु वा सम्बन्धित सबैको कर्तव्य हो ।

नेपालमा थेरवाद बुद्धशासनभित्र सांस्कृतिक वार्षिक पर्वको रूपमा अगाडि बढेको धर्मगौरवमय कथिन उत्सवलाई निरन्तरता दिने कार्यमा एकरूपताका लागि, ज्ञानवर्द्धक एवं चारित्रिक र आध्यात्मिक ज्ञान अभिवृद्धि गर्ने, मानसिक सुखशान्ति विकास गर्नेतर्फ केन्द्रित गर्न हामी सबै सम्बद्ध अनुयायीहरूले धर्मको मर्मलाई ख्याल गरी कथिन उत्सवलाई धर्मगौरवका साथ अपनाऔं/अपनाउनेतर्फ सचेत होऔं ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | अज्ञानी भिक्षुहरु बोध भए | संघउपनायक भिक्षु अश्वघोष महास्थविर | ५ |
| २. | भिक्षु जीवन र राजनीति | भिक्षु आनन्द | ७ |
| ३. | दशैं र सांस्कृतिक केमेस्ट्री | राजेन्द्र महर्जन | १० |
| ४. | व्यक्तिगत गुणधर्म र अध्ययनशील जनमत | शिशिल चित्रकार | १३ |
| ५. | स्वयम्भू चैत्य बुद्ध महाविहार एक परिचय | ब्रह्मदेव 'प्रदिप' | १५ |
| ६. | बुद्धका आठ यथार्थ गुणहरु | दुण्ड बहादुर बज्राचार्य | १८ |
| ७. | पालि त्रिपिटकमा आउने साम्प्रदायिक........ | भिक्षु सरणंकर | १९ |
| ८. | दान पारमिता | आचार्य भिक्षु कुमार काश्यप | २३ |
| ९. | **Restoring Lumbini's integrity** | **James G. Heller** | २४ |
| १०. | बौद्ध गतिविधि | | २६ |


**सकल प्राणीपिं दण्ड खना: ग्या:,**
**सकलें सी खना: ग्या: ।**
**अथेजुया सकल प्राणीपिन्त थ: समान भा:लपा:**
**घात याये मते, याके नं मते ।**

- धम्मपद, १२९



**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

# अज्ञानी भिक्षुहरू बोध भए



✍ संघउपनायक भिक्षु
अश्वघोष महास्थविर

बोध हुने कुरा धेरै व्यक्तिहरूमा पाइंदैन । धेरैजसो मानिस हाहामा लागेर यथार्थ कुरा नबुझी धर्ममा लागेको हुन्छ । भगवान् बुद्धको पालामा यशोज भन्ने एक भिक्षु थियो । उहाँले बुद्धसमक्ष धार्मिक शिक्षा हासिल गरी धर्मप्रचारको लागि के के गर्नुपर्छ भन्ने तालिम प्राप्त गर्नुभयो । बुद्धले भन्नुभयो- "आफ्नो आचरण राम्रो हुनुपर्छ । जीवन संयमित हुनुपर्छ । सर्वसाधारणले समेत बुझ्ने, बोध हुने खालको सरल धर्मकथा सुनाउनु पर्छ । धेरै मानिसहरू सफासुग्घर गर्न जाँदैनन् । राम्रोसँग कुरा गर्दैनन् । राम्रोसँग कर्तव्यपरायण भई काम गर्दैनन् । यस्ता यस्ता कुराहरू सुनाउनु पर्छ । काम राम्रो भएको खण्डमा सबैले विश्वास गर्छन् ।"

यस्ता कुरा सिकेर, तालिम लिएर टाढासम्म धर्मप्रचारार्थ जानुभयो- यशोज भिक्षु । बुद्धले भन्नुभएअनुसार उहाँले एकदम शान्त जीवन बिताउनुभयो । अनुशासित भइकन धर्म-उपदेश गर्न थाल्नुभयो । उहाँको राम्रो व्यवहार देखेर, उहाँबाट राम्रो कथा सुनेर धेरै युवाहरू प्रभावित भए र भिक्षु भए । " "

यशोज भिक्षुले युवक भिक्षुहरूलाई समय समयमा भगवान् बुद्धको वर्णन गर्नुहुन्थ्यो । प्रशंसा सुनेर ती भिक्षुहरू बुद्धको दर्शन गर्न लालायित भए र समय समयमा आफ्ना गुरू भिक्षु यशोजलाई प्रार्थना गर्दथे- "सम्यक् सम्बुद्धको दर्शन गर्न पाए राम्रो हुन्थ्यो कि ? तपाईको कुरा सुनेर मात्र नै हामी यतिका प्रभावित भयौं । बुद्धकै श्रीमुखबाट उपदेश सुन्न पाए हुन्थ्यो, उहाँको दर्शन गर्नपाए छिटो मुक्त हुन्छ कि ?"

भिक्षु यशोजले भन्नुभयो- "तिमीहरू भिक्षु भएको धेरै दिन भएको छैन । धेरै पढ्नुपर्छ, सिक्नुपर्छ, तालिम हुनुपर्छ, जीवनलाई संयम गर्नुपर्छ । भगवान् बुद्धकहाँ गएर जथाभावी कुरा गर्नु हुँदैन । ठूलठूलो स्वरले बोल्नु हुँदैन, राम्रोसँग बस्नुपर्छ, अनुशासित हुनुपर्छ, त्यसै लरोतरो गरी जानु हुँदैन । त्यसैले तथागतको दर्शनार्थ जान हतार नगर । तिमीहरू तालिम भएका छैनौ । तिमीहरूको रहनसहन हिँडाइ-डुलाई, बोलिवचन अझै सुधार्न बाँकी छ । भगवान् बुद्धकहाँ जान तिमीहरू लायक भएका छैनौ । अरू पनि तालिम लिनुपर्छ । अलिक पछि मात्र भगवान् बुद्धको दर्शनार्थ जानु ठीक हुन्छ । अहिले नै त्यहाँ जाने इच्छा नगर" भनेर बारम्बार भनेता पनि शिष्य भिक्षुहरू भने बारम्बार प्रार्थना गर्न आउँथे- "हामीलाई भगवान् बुद्धकहाँ लैजानोस् भगवान बुद्धको दर्शन गर्ने साह्रै इच्छा लागिरहेछ । लैजानुस् भो गुरू !"

यशोज भिक्षुले भन्नुभयो- "तिमीहरू मैले भनेको कुरा मान्दैनौ, साह्रै दिक्क लागिसक्यो । म तिमीहरूलाई लैजान्छु । अब जे हुन्छ हेरूँला !" यशोज भिक्षुले आफ्ना सयौं भिक्षुहरूलाई भगवान् बद्धकहाँ लानुभयो ।

विहारमा पुगेर आवासीय भिक्षुहरूसँग सुख, दुःखको कुरा गर्न थाले । आ-आफू बस्ने ठाउँ खोज्न थाले । ती धेरै संख्यामा आएका भिक्षुहरूले आपसमा कुराकानी गर्दै ठाउँ खोज्दा विहारमा ठूलो होहल्ला मच्चियो । ध्यानमा बस्नुभएको बुद्धलाई बाधा भयो । सयौं भिक्षुहरू गाउँले तरिकाले होहल्ला गरिरहेको सुनी बुद्धले भन्नुभयो- ए आनन्द ! को हुन् ती भिक्षुहरू, माछा मार्ने पोडेहरू जस्तै कराइरहेने । भन्ते ! उनीहरू पोडेहरू होइनन् । उनीहरू भिक्षु यशोजका नयाँ शिष्यहरू हुन् । यी भिक्षुहरू कस्तो शोभित नभएका ? कस्तो हल्ला गरेको ? भिक्षु यशोजलाई बोलाउनु ।

यशोज भिक्षु आउनुभएपछि भगवान् बुद्धले भन्नुभयो- ए यशोज ! कस्ता भिक्षुहरू आफूसँगै ल्याएको नि ? कस्तो अशिक्षित !? कति हल्ला गर्नेहरू ? ती भिक्षुहरूसहित तिमी यहाँ बस्न पाउँदैनौ । बाहिर जाऊ । यहाँ नबस । बुद्धले द्वेष चित्तसहित यसरी भन्नुभएको होइन कि नयाँ भिक्षुहरूलाई बोध गर्न सजिलो होस् भनी शिक्षा दिनको लागि त्यस्तो भन्नुभएको थियो ।

त्यसपछि भिक्षु यशोजले उनीहरूलाई भन्नुभयो- भगवान् बुद्धले हामीलाई यहाँ नबस् रे । यहाँबाट छोडेर

बाहिर बस भन्नुभयो । मैले तिमीहरूलाई पहिले नै भनेको थिएँ- भगवान् बुद्धलाई भेट्नलायक भएका छैनौ, तालिम भएका छैनौ, शिक्षित भएका छैनौ । राम्रोसँग कुरा गर्ने आउँदैन तिमीहरूलाई । हल्ला मात्र गर्छौ । मैले भनेको कुरा मानेनौ, भगवान् बुद्धलाई बाधा हुने गरी व्यवहार गऱ्यौ । अब जाऔं बाहिरै बसौं । चित्त दुखाउनु पर्दैन । तिमीहरूमा तालिम नपुगभएकोले भगवान्ले यसरी भन्नुभएको हो । तिमीहरूको रहनसहन नराम्रो भएकोले, अशिक्षित भएकोले नै धपाइनु परेको हो । आ-आफ्ना गल्ती महसुस गर । अब हामी नजिकैको  नदी किनारको जङ्गलमा जाऔं । त्यहीं तिमीहरूले तालिम लिनुपर्छ । तिमीहरू शिक्षित भएमा, भगवान् बुद्धले स्वयं बोलाउनुहुन्छ । उहाँले करूणायुक्त मैत्री चित्तले हामीलाई विहारबाट धपाइ दिनुभएको हो ।

हामीले अब राम्ररी तालिम लिनुपऱ्यो । म तिमीहरूलाई शिक्षा दिन्छु । राम्ररी संयमित भई बस । प्रत्येक दिन बिहान उठेर भगवान् बद्धले हामीलाई धपाउनुभएको अनर्थको लागि होइन, हामीहरू कै भलोको लागि, तालिम लिनकै लागि मैत्री करूणासहित धपाउनुभएको हो भनी सम्झिनु पऱ्यो । उहाँप्रति कुनै प्रकारको पनि द्वेषभाव नराख्ने, भगवान् बुद्ध महान असल गुरू हुनुहुन्छ त्यसैले उहाँलाई देख्नासाथ मन स्वच्छ हुन्छ । पाप चेतनाबाट मुक्त हुन्छ भन्ने ठानेर आयौं । मन शुद्ध भएपछि पापबाट मुक्त हुन्छौं । भिक्षु जीवनको ठूलो विशेषता छ । हिँड्दा पनि शान्त हुनुपर्ने, खाँदा पनि संयमित हुनुपर्ने मन कहाँ जान्छ होस राख्नुपर्ने, मनमा नराम्रो भावना आयो भने तुरून्तै होस राखी असल विचार ल्याउनु पर्छ । आफ्नो गल्तीलाई महसुस गर्नुपर्छ । (पालि उदानको आधारमा प्रस्तुत)

यसरी यशोज भिक्षुले आफ्ना युवक शिष्यहरूलाई सम्झाउँदै तालिम गर्न थाल्नुभयो । अरू-अरू भएको भए- भगवान् बुद्धकहाँ टाढा टाढाबाट भेटघाट र दर्शन गर्न ल्याउँदा बस्ने मौका दिनुपर्ने, झन विडहारबाट धपाइदिनुभयो भनेर त्यही कल्पना गर्दै, त्यही सोच्दै असन्तोष हुने थिए होला ।

तर यशोज भिक्षुमा त्यस्तो विचार आएन । बरु युवक भिक्षुहरूलाई नै सम्झाउन थाल्नुभयो । उत ती अशिक्षित युवक भिक्षुहरूले पनि आफ्नो कमजोरी महसुस गरे- हामी नै दोषी हौं । हामी त्यहाँ गएर हो हल्ला गऱ्यौं । आफ्नो आसन र सुत्ने व्यवस्थामैं अलमलियौं । यी अशिक्षितयुक्त व्यवहार गर्दा भगवान् बुद्धले विहारबाट धपाइदिनुभएको हो । फलस्वरूप बोध हुँदै पछि भगवान् बुद्धले आनन्दँग सोध्नुभयो- ए आनन्द ! यशोज भिक्षुसँग आएका ती गाउँले भिक्षुहरू कहाँ गए ? उनीहरू नजिक नै छन् वग्गुमुदा नदिको किनारको जङ्गलमा बसेर ध्यान भावना गर्दैछन् । आनन्दको उत्तर थियो ।

भगवान् बुद्धले फेरि सोध्नुभयो- अहिले कस्ता छन् त तिनीहरू ?

आनन्द भिक्षुले भन्नुभयो- उनीहरू पहिले जस्ता अशिक्षित होइनन्, अहिले खूब तालिम भएका छन् । खूब शान्त स्वभावका भएका छन् । उनीहरूलाई भगवान् बुद्धले बोलाउनुभयो ।

यहाँ बुझ्नुपर्ने कुरा के छ भने- भगवान् बुद्धले निकालिदिनुभयो भनेर दुःखी मन नगरी बोध भए । यो बौद्ध चरित्र हो । यस्तै चरित्र सुधारका लागि भगवान् बुद्धले उपदेश दिनुभएको हो । सबै जनामा बोध हुने लक्षण देखिंदैन । बोध नभएको खण्डमा राम्रो नतिजा फल पाइँदैन । जस्तै कि आजभोलि सरकार चलाउने पार्टीबीच शान्तिको लागि सहमति कुरा गर्ने तर काम कारवाही असहमतिले सधैं निष्कर्ष हीन मात्र हुन्छ । सही समझदारी नहुँदा बोध हुने लक्षण देखिंदैन ।♦



## बौद्ध वृद्धाश्रम, बनेपालाई सहयोग प्राप्त

बौद्ध वृद्धाश्रमको अक्षयकोषको लागि पुतलीसडक निवासी उपासक **राम तण्डुकार** बाट रु. ५०,००० नगद सहयोग प्राप्त भएको छ । मार्फत- आशाभाइ तण्डुकार (२०६७/६/२८)

**सहयोगार्थ सम्पर्कका लागि : बौद्ध वृद्धाश्रम, बनेपा, फोनः ०११-६६२८४९,**
**बुद्धविहार भृकुटीमण्डप, फोनः ४२२६७०२, मो. ९८५१०४६१८८**

# भिक्षु जीवन र राजनीति

✍ भिक्षु आनन्द
विधायक, व्यवस्थापिका तथा संविधान

परमार्थ र प्रसङ्गले भिक्षु जीवन र राजनीति दुई पृथक विषय-क्षेत्रहरू हुन् । तर इतिहास, समय र परिस्थितिसँग लामो सहयात्रा गर्दा दुई अलग परिधिभित्र सीमित भएर पनि अन्तरसम्बन्धको साइनो बाँध्ने अनौठो र चमत्कारिक अवस्था जुर्दो रहेछ । अपरिचित दुई छिमेकी एउटै स्थानमा वर्षौंदेखि आमनेसामने वा छिमेकीको रूपमा बस्दा अन्तरसम्बन्ध र आत्मीयता बढ्दै गएझैं २५ सयवर्षदेखिको समाज, आर्थिक, राजनैतिक तथा भौगोलिक सहयात्राको २१ औं शताब्दीसम्म पुग्दा भिक्षु जीवन र राजनीतिबीच अन्तरसम्बन्ध कायम रहँदै आएको देखिन्छ । इतिहासको हरेक मोडमा एकले अर्कोलाई प्रभाव पार्ने, आपसी सहयोग गर्ने, दुःख साटासाट गर्नेजस्ता प्रवृत्तिहरू विकसित हुँदै आइरहेको देखिन्छ । भलै २५ सयवर्षअघिको समाज-आर्थिक परिवेशमा बुद्धको 'दसराज-धर्म' जस्तो सुशासनको राजनैतिक उपदेश 'सप्तअपहरणीयधर्म' जस्तो राष्ट्रियता र अखण्डताको मार्गदर्शन, विडुदभको सशस्त्र आक्रमणबाट हुनसक्ने शाक्य-नरसंहार जोगाउन "मातृभूमिको हावा समेत मलाई सुखदायक छ" भन्ने जात्यानुरागी उद्‌गार र मातृभूमिप्रतिको प्रेम होस् या २१ औं शताब्दीमा म्यान्मारमा बौद्ध भिक्षुहरूको प्रजातान्त्रिक आन्दोलन नै किन नहोस्- भिक्षुहरूले राजनीति गर्नुहुँदैन भन्नेहरूको मुखमा बुझो लगाइदिएको छ ।




पृथक-पृथक क्षेत्रबीचमा पनि प्रत्यक्ष वा परोक्ष रूपमा चक्रीय सह-सम्बन्ध (Circle-relationship) विद्यमान छ । यसको सरल उदाहरण म मानिस र बनस्पति ( वृक्ष/विरूवा) बीच देख्छु । वृक्षले वातावरणलाई अक्सिजन प्रदान गर्छ । मानिस त्यही अक्सिजन लिएर कार्बनडाइअक्साइड फ्याँक्छ, सोही कार्बनडाइअक्साइडलाई तानेर वृक्ष सप्रिन्छ । यहाँ मानिस र वृक्षबीचको अन्तरनिर्भरता (Inter-dependency) राम्रोसँग देखिएको छ । यसरी मानिस र वृक्ष अत्यन्त भिन्न प्रकृतिको भएपनि अन्तरसम्बन्ध प्रगाढ छ । धर्म, भिक्षु जीवन र राजनीतिबीच पनि अदृश्य तथा सूक्ष्म सम्बन्ध गाँसेको देखिन्छ ।

श्रीलंकामा बुद्धधर्म र सिंहल बौद्धहरूको जुन जातीय, भाषिक, सांस्कृतिक अक्षुण्ण अस्तित्व कायम छ, त्यो श्रीलंकाको राजनैतिक इतिहासमा बेलाबेलामा बौद्ध भिक्षुहरूले नेतृत्वदायी राजनैतिक भूमिका निभाउँदै आएकोले नै हो । महावंशले स्पष्ट रूपमा त्यहाँ भिक्षुहरूले राष्ट्रिय अखण्डता, जातीय उत्थान, सांस्कृतिक संरक्षण, भाषिक अधिकार जोगाउन उल्लेखनीय निभाउँदै आएको बारे स्पष्ट वार्ता गरेको छ । प्रथम शताब्दिमा दुट्टगामिणी अभय राजाको दक्षिण भारतीय तमिल आक्रमणकारी राजा एलारको विरूद्धमा लडेको युद्धमा होस्, १८१५ मा ब्रिटिश अधिराज्यवादको विरोधमा वारियपोल श्री सुमंगल नामको भिक्षुले आफ्नो देशको झण्डाको सत्ता ब्रिटिश झण्डा गाड्दा निर्भिक भइ अगाडि सरी ब्रिटिश झण्डा हटाई श्रीलंकाको राष्ट्रिय झण्डा फहराउन पुग्दा प्राण आहुति गरेको घटना होस्, १९५० ताका विद्योदय र विद्यालंकारजस्तो प्रसिद्ध बौद्ध अध्ययन पीठका दुई भिक्षु संघ ब्रिटिश अधिराज्यवादबाट राष्ट्र जोगाउने र स्वतन्त्रता हासिल गर्ने अभियानमा होस्, समय समयमा महत्वपूर्ण राजनैतिक भूमिका खेल्दै आएका थिए । वर्तमानमा पनि श्रीलंकाको भिक्षु संघले राष्ट्रिय, धार्मिक, जातीय हक, अधिकार र अस्तित्व संरक्षणको निमित्त उल्लेखनीय भूमिका निभाउँदै आइरहेका छन् । हाल त्यहाँको संसदीय भूमिकासमेत निर्वाह गर्ने ९ जना बौद्ध भिक्षुहरू संसदमा छन् ।

भिक्षु जीवन धार्मिक तथा आध्यात्मिक जीवन हो । तर धर्म र अध्यात्मयात्रामा वरिपरिको समाज, आर्थिक, राजनैतिक वातावरण महत्वपूर्ण हुन्छ । यदि वरिपरिको वातावरण प्रतिकूल रह्यो भने अध्यात्मयात्रा असहज र कष्टमय हुन्छ । त्योभन्दा भिक्षु जीवन सामाजिक जीवनकै एक अभिन्न अङ्ग भएकोले धार्मिक, सांस्कृतिक, जातीय,

भाषिक आदि विषय क्षेत्रसँग आत्मीयता बढेको जीवन पनि हो । त्यसैले समाज र वातावरणमा घट्ने प्रत्येक घटना परिघटनाले भिक्षु जीवनमा पनि प्रभाव पार्नसक्छ । अर्कोतिर समाजबाट पाउने निरन्तर सहयोगले नै भिक्षु जीवन अगाडि बढ्नसक्ने परिस्थिति छ । राष्ट्र र समाज जब संकटग्रस्ट परिस्थितिबाट गुज्रिरहेको हुन्छ तब आफ्नो अध्यात्मयात्राको पार्श्विय सहयोगी क्षेत्र र समाज उक्त संकटबाट बचाउनु उसको नैतिक जिम्मेवारी हो । मौनव्रत वा निस्कृय रहनु परिस्थिति विरोधी हुनु हो । त्यस्तो परिस्थितिमा जातीयता, धार्मिक आदर्श, सांस्कृतिक पहिचान आदि आदर्शवाद कम सान्दर्भिक र दोस्रो महत्वको हुन्छ ।

श्रीलंकामा मात्र होइन, अन्य बौद्ध देशका वर्तमान र अतीतका राजनीतिज्ञ इतिहासमा बौद्ध भिक्षुहरूको उल्लेखनीय योगदान रहिआएको हामी पाउन सक्छौं । थाइल्याण्डमा राजालगायत राष्ट्रका उच्च ओहदाका पदाधिकारीहरू बुद्धधर्म र बौद्ध भिक्षुहरूप्रति जुन विशिष्ट सम्मान र प्रतिष्ठा राख्छन्, इतिहासकालदेखि बौद्ध भिक्षुहरू राष्ट्रको र जनताको हितमा शासकवर्ग (राजालाई) लाई आवश्यक अनुशासन, निर्देशन सल्लाह सुझावहरू दिंदै आइरहेका कारणले नै हुन् । केही वर्षअघिको कुरा हो, जब थाइल्याण्ड आर्थिक रूपमा संकटग्रस्त अवस्था भोगिरहेको थियो तब थाईभिक्षुहरूबाट र विहारस्थानहरूबाट आर्थिक सहयोग जुटाउन अभियान चलाएका थिए । विहारका कोषहरूको रकमसमेत राज्यलाई सहयोगस्वरूप उपलब्ध गराइएको थियो ।

म्यानमारमा पनि भिक्षुहरूको नेतृत्वमा प्रजातान्त्रिक आन्दोलन चर्केको थियो । वर्षौंदेखिको सैनिक शासनको शोषण र उत्पीडनबाट म्यानमारका जनतालाई मुक्त गराउन आखिर बौद्ध भिक्षुहरू नै सडकमा उत्रिनुपर्‍यो र आन्दोलनमा होमिनुपर्‍यो । भिक्षुहरूको नेतृत्व गृहस्थी नेतृत्वभन्दा प्रभावशाली, मार्मिक र संवेदनशील हुन्छ किनकि वहाँहरूका आदर्शयुक्त जीवनपद्धति नै त्यसको रहस्य तथा मूलाधार हो । तिब्बतमा भइरहेको हालैको 'फ्रि-तिब्बत' को आन्दोलन पनि तिब्बती धार्मिक नेता दलाई लामा समर्थक तथा चीनको दमन र उत्पीडनबाट उद्वेलित जनताको आक्रोश तथा विद्रोह हो । यस आन्दोलन पनि तिब्बती भिक्षुहरूले तेतृत्व गरेको देख्नसक्छौं ।

यसरी भिक्षु जीवन र राजनीति हेर्दा दुई फरक तथा अन्तरसम्बन्ध नभएको जस्तो देखिए पनि इतिहासको कालखण्डमा घटेका विभिन्न परिस्थितिजन्य घटनाहरूबाट एक अर्कालाई परस्पर सम्बन्धता गाँस्न सहयोग गरेको देखिन्छ । समय र विश्व-परिवेशको घटनाक्रमसँगै धर्म र राजनीति एक आपसमा नजिकिँदै आइरहेको प्रतीत हुन्छ ।

धर्मको मूल उद्देश्य मानिसको मानसिक-सुख, आध्यात्मिक-विकास तथा दुःख (समस्या) बाट मुक्त ( निर्वाण) अवस्थासँग एकायन मार्गको रूपमा जोडिएको हुन्छ । जीवन र जगत्, सांसारिक मोह र बन्धनबाट छुट्ने आधारको रूपमा मानिसले धर्मलाई अँगालेको देखिन्छ । तर धर्मको संस्थागत विकासको क्रममा देशीय, क्षेत्रीय, भौगोलीय, जातीय, वर्गीय अनन्यता पनि ग्रहण गरेको देखिन्छ । केवल आध्यात्मवाद, आदर्शवाद, विज्ञानवाद, परमार्थ-दर्शनको रूपमा मात्र नभई समयसापेक्ष भौगोलिक पहिचानसँगै ती ती देश र क्षेत्रका हावापानी, जातीय, भेषभुषा, कला, संस्कृति, आर्थिक, सामाजिक, राजनैतिक पहिचान र जीवन शैलीको रूपमा स्थापित हुँदै गए । धर्म, अध्यात्म र मोक्षको अलावा मानिसको दैनिक जीवनशैली र उठ्बस समेत हुनपुगे । धर्मको प्रचारसँगै संस्कृति, सभ्यता, कला, भाषा, शिष्टाचारयुक्त जीवनपद्धतिको विकास भयो । मानिसको प्रत्येक बोलिमा धर्मको प्रभाव पर्न थाले । नराम्रो मानिसलाई बोलचालमा 'अधर्मी', 'पापी', 'असभ्य', 'बाल' (low), भन्ने शब्द समेत प्रयोग हुनथाले । यसरी धर्म मानिसको रगत मासुसँग गहिरो सम्बन्ध राख्न पुगेको देखिन्छ । धर्मबिना आज मानिस जीवन-जीउन कथिन महसुस गर्छ । मानिस आर्थिक तथा भौतिक रूपमा सुविधासम्पन्न जीवन बिताए पनि धार्मिक-महत्वलाई पनि उत्तिकै स्थान दिएको पाइन्छ ।

> *वस्तुगत राजनैतिक, सामाजिक, आर्थिक परिस्थितिसँग हातेमालो गर्नुपर्छ भन्ने मेरो धारणा हो । विशेषतः विनाराज्य-सहयोग कुनैपनि धर्मप्रचार र विकास गर्न कठिनाइ पर्ने भएकोले बौद्धहरूले धर्मको आधिकारिक हक-स्वतन्त्रता, कानूनी-मान्यता, राज्य-सहयोग तथा सहुलियत सुनिश्चित गर्नको लागि उपायशीली भई समकालीन राज्य शक्तिसँग सम्बन्ध कायम गर्नैपर्छ ।*

यसरी कुनैपनि देशमा धार्मिक व्यक्ति वा संस्था राजनैतिक मामिलामा सक्रिय हुनुको पछाडि आफ्नो मौलिक उद्देश्यबाट पछि हट्नुभन्दा पनि राष्ट्रियता, धर्म र संस्कृति, जातिगत जीवनपद्धति र अस्तित्वको मुद्दा त्यसभित्र लुकेको हुन्छ । नेपालमा विगत पचासौं वर्षदेखि धर्मनिरपेक्षताको सवाल उठिरहेको छ, त्यो जातिगत, भाषागत, क्षेत्रगत, वर्गीय मुद्दा पनि हो । बौद्ध संघ-संस्था,

समय-समयमा धर्मनिरपेक्षताको सवाल उठाउँदै राज्यशक्तिविरूद्ध जुलुस, नारा, विरोध कार्यक्रम गर्नु पछाडि बौद्धहरू आफ्नो धर्मलाई हिन्दुधर्मको तुलनामा राष्ट्रिय-मान्यता, कानूनी-मान्यता, समानाताको व्यवहार सुनिश्चित गराउनको लागि नै हो ।

जब कुनैपनि धर्म सम्बन्धित देशमा स्वतन्त्रतापूर्वक अभ्यास गर्नबाट वञ्चित-परिस्थिति भोग्नुपरेको हुन्छ; तब ती धर्मका अनुयायीहरूले आफ्नो धर्मको अस्तित्वको लडाईं लड्नुपर्ने हुन्छ । नेपालको इतिहासमा बेला बेलामा स्वदेशी तथा विदेशी संकटबाट जोगाउन धार्मिक व्यक्तिहरूले उल्लेखनीय भूमिका निभाउँदै आएका छन् । ७ औं शताब्दीतिर शंकराचार्यको आक्रमण र विध्वंश, १३ औं शताब्दीमा, बंगालका समसुद्दीन तुगलुकको आक्रमण, १८ औं शताब्दीमा पृथ्वीनारायण शाहको आक्रमण, रणबहादुर शाहको धार्मिक उत्पात, जंग बहादुरको अत्याचार, राणाशासनमा हिन्दूधर्मको ज्यादति र बुद्धधर्मको दमन-शोषण भिक्षुहरूको देश निकाला, पञ्चायतकालमा पोखरामा शान्तिस्तूपको विनाश, लुम्बिनीमा जापानी भिक्षुको षडयन्त्रपूर्ण हत्या आदि घटनाक्रमबाट भिक्षुहरूलाई प्रत्यक्ष वा परोक्ष तवरले राजनैतिक रूपमा अगाडि बढ्नुपरेको बाध्यता थियो । यहाँ धर्मको मूल लक्ष्यलाई पछ्याउनुभन्दा अस्तित्व-संकटलाई हल गर्नुपर्ने बाध्यता थियो । दिवंगत आचार्य अमृतानन्द महास्थविरको तत्कालीन राजपरिवार र सरकारसँग निकटतम, सुसम्बन्ध नभएको भए देशनिकाला गरिएका भिक्षुहरूलाई स्वदेश फिर्ता गराउने अभियान असम्भव थियो । त्रिभुवनको पालामा विश्वबौद्ध सम्मेलनजस्तो महानकार्य असम्भव थियो । भिक्षु नारद महास्थविरको नेतृत्वमा श्रीलंकाबाट बौद्ध प्रतिनिधिमण्डल नेपाल आउनु सम्भव थिएन । भिक्षु अमृतानन्द महास्थविरले तत्कालीन परिस्थितिमा टुँडिखेलको खुलामञ्चबाट 'धर्मनिरपेक्षता' सवालमा सशक्त ढङ्गले पहिलोपटक सार्वजनिक उद्घोष गर्नुभएको थियो । भिक्षु सुदर्शन महास्थविर भाषिक आन्दोलनमा हिरासतमा समेत पर्नुभएको थियो । भिक्षु अश्वघोष महास्थविर तत्कालीन एमाले पार्टीबाट मनोनित भई प्रतिनिधि सभामा पुग्नुभएको थियो र धर्मनिरपेक्षता सम्बन्धमा पहिलो पटक सरकारको नीति निर्माण गर्ने तहमा धार्मिक सवालका मुद्दाहरू उठाउन सफल हुनुभएको थियो ।

६२/६३ को जनआन्दोलन पछि स्थापित अन्तरिम सरकारमा माओवादीको तर्फबाट अन्तरिम विधायकको रूपमा मलाई संसदीय भूमिका निर्वाह गर्ने अवसर पाइयो । जीवनशैलीभन्दा पृथक क्षेत्र भएपनि आफ्नो सरोकारका क्षेत्रहरू र विषयहरू सम्बन्धमा राज्यसंयन्त्रको भित्रि तहसम्म आवाज उठाउने मौका प्राप्त भयो । मैले आफ्नो संसदीय भूमिका निर्वाह गर्ने क्रममा लुम्बिनीलाई शीघ्र व्यवस्थित विकास गर्नुपर्ने, भैरहवा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार गर्नुपर्ने, लुम्बिनी बौद्ध विश्वविद्यालय, सिद्धार्थ विश्वविद्यालयलाई औपचारिक रूपमा शीघ्र कार्यान्वयन गर्नुपर्ने, नेपालका सबै धार्मिक स्थललाई शान्ति क्षेत्र (Peace Zone) को रूपमा घोषणा गर्नुपर्ने इत्यादि धार्मिक, सांस्कृतिक तथा शैक्षिक सरोकारका विषयहरू नीतिनिर्माण गर्ने तहमा वकालत गर्ने अवसर मिल्नु बौद्धहरूको आवाज र माग राष्ट्रिय तहमा पुऱ्याउन सक्नु हो ।

तसर्थ एकजना भिक्षु राजनीतिक रूपमा कुनै भूमिका निभाउनु भनेको आफ्नो सरोकार र विषय क्षेत्रहरू सम्बन्धमा मौलिक हक र अधिकार राज्यसत्ताबाट सुनिश्चित गर्न उदार अभियानमा जुट्नु हो, किनभने २१ औं शताब्दिसम्म पुग्दा धर्म र भिक्षु जीवन २५ सय वर्षअगाडिको समाज-आर्थिक-राजनीतिक परिस्थितिबाट अत्यन्त पृथक, परिष्कृत र परिमार्जित परिस्थितिमा विद्यमान छ । इलेक्ट्रोनिक मिडिया, सूचना संसार, इन्टरनेट र वेबसाइटको जमाना एकातिर छ भने पुरातन शैलीमा नै धर्मको संस्थागत तथा सामाजिक प्रचार गर्ने हो भने बौद्धहरूलाई अन्य धर्मको तुलनामा शदियौं वर्षपछि पर्नुपर्ने अवस्था सृजना हुन्छ । यहाँनिर उल्लेखनीय कुरा के भने, बौद्ध भिक्षु, संघ वा संस्था यदि समयसापेक्ष आफूलाई अनुकूल नबनाउने, परिस्थितिको होडमा नचल्ने रूढीवादी धारणा नै बोकेर हिंड्ने हो भने हाम्रो अस्तित्व संकटमा पर्दै जानेछ । वस्तुगत राजनैतिक, सामाजिक, आर्थिक परिस्थितिसँग हातेमालो गर्नुपर्छ भन्ने मेरो धारणा हो । विशेषतः विनाराज्य-सहयोग कुनैपनि धर्मप्रचार र विकास गर्न कठिनाइ पर्ने भएकोले बौद्धहरूले धर्मको आधिकारिक हक-स्वतन्त्रता, कानूनी-मान्यता, राज्य-सहयोग तथा सहुलियत सुनिश्चित गर्नको लागि उपायशीली भई समकालीन राज्य शक्तिसँग सम्बन्ध कायम गर्नैपर्छ । जनआन्दोलन पछिको लोकतान्त्रिक व्यवस्थामा सबै धर्मलाई न्यायिक समानता दिलाउने 'धर्म-निरपेक्षता' वैधानिक रूपमा सम्मत भइसकेको परिस्थितिमा बौद्धहरूले आ-आफ्नो ठाउँबाट अत्याधिक फाइदा लिनु आवश्यक छ । समयमै यस्तो गर्न नसके बौद्धहरूको तुलनामा अन्य धर्मावलम्बीहरूले बढी फाइदा लिनसक्ने अवस्था सिर्जना हुनसक्ने परिस्थितिलाई रोक्न सक्दैन ।

♦

# दशैं र सांस्कृतिक केमेस्ट्री



✍ राजेन्द्र महर्जन

दसैंमा धेरै सुनियो, रावणमाथि रामको विजयको कथा । विजयादशमीमा धेरै नै पढियो, असत्यमाथि सत्यको कहानी पनि । हो, बडादसैंमा बेसी नै भोग गरियो, रामायणको सन्देशबारे नेपाली मिडियाको व्यापक प्रचारबाजी पनि । विडम्बना, सत्य के हो, असत्य के हो भन्ने प्रश्न कमैमात्र तेर्स्याइयो । प्रश्नविना गरिएको प्रचारबाजीका कारण तथ्य के हो, मिथ्या के हो भन्ने सवाल पनि ओझेलमै परे । जसरी धार्मिक राज्यका लागि दसैं सांस्कृतिक अस्त्र हो, त्यसरी नै प्रचारबाजीको माध्यम त होइन रामायण पनि ? रामायणको सन्देश पनि जनताको मनमस्तिष्कमा निश्चित धार्मिक मान्यताको बस्ती बसाउन प्रयोग ग निश्चित धार्मिक मूल्य-मान्यताको बसाउन प्रयोग गरिएको त छैन खुकुरी, तरवार र बन्दुकको सट्ट विचार, धर्म र सँस्कृतिको अस्त्रले जनतालाई तह लगाउन रामायणका मिथकलाई पनि उपयोग गरिएको त छैन ? यस्ता प्रश्नबारे दसैंमा कमैमात्र विमर्श भए ।



नोम चोम्स्की र एडवार्ड हर्मन भन्छन्, अधिनायकवाद लादिएका मुलुकमा बन्दुकको आधारमा जनतालाई तह लगाइन्छ भने प्रजातान्त्रिक मुलुकमा प्रचारमार्फत सो काम गरिन्छ । आम जनतालाई प्रजातान्त्रिक अभ्यासबाट टाढा राख्न र राज्यलाई सीमित व्यक्ति तथा ठूला निगमीकृत शक्तिको हातमा राख्न मिडियाको प्रचारात्मक भूमिका अनिवार्य हुनजान्छ । धेरैजसो नेपाली मिडियाले पनि दसैं र दसैंसँग जोडिएका रामायणका मिथकबारे कुनै प्रश्न नगरी, बहस-विमर्श नगरी प्रचारात्मक भूमिका खेलेको देखियो । यस्तो भूमिकाले राज्यलाई साँच्चै धर्मनिरपेक्ष बनाउन, समाजलाई धार्मिक जकडबाट मुक्त गर्न अनि व्यक्तिका मनस्तिष्कलाई पुरातन रूढ मूल्य-मान्यताबाट स्वतन्त्र बनाउन मद्दत गर्छ ?

हिन्दुधर्म र चाडपर्वबारे नेपाली राज्य र राज्यकै चौथो अंग मिडियाको आचरणमा पनि खासै फरक देखिएन, ती धर्मनिरपेक्ष भएका छैनन् । दसैं पर्वसँग जोडिएको ठानिने रामायणका मिथक र सत्यको विजयको प्रचारबाजीमा पनि तिनको भूमिकामा अन्तर गर्न गाह्रो देखियो । किनभने तिनले हिन्दुधर्मका पुरातन मूल्य-मान्यताको प्रचारमा होडबाजी गरे । हुन त नेपाली राज्यले मात्रै होइन, भारतवर्षकै धार्मिक राज्यहरूले पनि शदियौंदेखि रामायण, महाभारत र पुराणलगायत अधिकांश धार्मिक ग्रन्थ र साहित्यलाई प्रचारबाजीको माध्यम बनाउँदै आएका छन् । २१ औं शताब्दीमा मिडियाले पनि तिनै पुराना माध्यमलाई राज्यले जस्तै उपयोग गर्‍यो, जुन शदीयौंदेखि अध्यात्मवादी विचारको प्रचार र स्वतन्त्र चिन्तन-मननमाथि दमनका लागि प्रयुक्त हुँदै आएको छ ।

भारतीय दर्शनशास्त्र के जीवित, के मृत छ भन्ने विषयमा विशद् अध्ययन र लेखन गरेका विद्वान देवीप्रसाद चट्टोपाध्यायका अनुसार, धेरैजसो भारतीय आख्यान, तिनमा पनि महाभारत र रामायणको भूमिका त्यस्तो मास-मिडियाको जस्तो छ, जुन आमरूपमा प्रोपोगन्डाको लागि प्रयोग गरिन्छ । जनताको मस्तिष्कमा हिन्दुधर्मका मूल्य-मान्यता 'डिपोजिट' गर्न गाउँ-गाउँमा गरिने रामायण र महाभारतको पाठ-पुनर्पाठ-गायन अत्यन्त प्रभावशाली हुँदै आएको छ । 'हिस्ट्री अफ धर्मशास्त्र' का लेखक पीभी कानेमा अनुसार, हिन्दुधर्मशास्त्रबाट आमजनतालाई दीक्षित तुल्याउने लोकप्रिय शैक्षिक र प्रचारात्मक माध्यम हुनु, महाभारत र रामायणको गायन अनि पठनपाठन । त्यसको स्पष्ट परिणाम हो, रामायण आख्यानका नायक राम भगवान्का रूपमा, विष्णुको अवतारका रुपमा जनजनको दिलदिमागमा स्थापित हुनु ।

रामायण आख्यान हो कि इतिहास ? महाकाव्य हो कि धर्मशास्त्र ? राम सामान्य राजा हुन् कि विष्णुका अवतार ? यस्ता प्रश्न उठाउने र आलोचनात्मक चिन्तन-

मनन गर्ने कामलाई प्रचारबाजीको क्रममा निषेधै गरिएको छ । रामजस्तै रामायणमा बुद्ध र बौद्ध धर्मविरूद्ध विषवमन गरेका थिए, असूर र अछूतविरूद्ध त भीषण युद्धै गरेका थिए । त्यस्ता शीतयुद्ध र गरमयुद्ध हेर्दा छर्लङ्गै बुझिन्छ, उनीहरू फरक मतप्रति घृणा गर्थे, भिन्न वंश र जातिप्रति अत्यन्त असहिष्णु र आक्रामक देखिन्थे । यस्ता विचार र संस्कारले भरिएको रामायण र अन्य आख्यानको प्रचारबाजीमार्फत धार्मिक राज्यले पूरा गर्नचाहेको उद्देश्य के हो, घामजत्तिकै छर्लङ्ग छ । जनताको मनमष्टिकमा धार्मिक राज्यसत्ताबारे प्रश्न उठाउन नसक्ने बनाउनु, वर्ग-वर्णभेदमा आधारित समाजबारे जनतामा तर्कवितर्क गर्ने क्षमताको अपहरण गर्नु अनि स्वतन्त्र चिन्तन र आचरणमार्फत समाज र राज्यलाई फेर्न अक्षम बनाउनु ।

यसरी जनतामाथि सांस्कृतिक नियन्त्रणको एउटा माध्यम बनाइएको रामायणका मिथक लगभग २७ सय वर्षदेखि प्रचार गरिँदै आएको छ । वर्गभेद र वर्णव्यवस्थाबाट पीडित जनतामा आदर्श राज्यको रूपमा 'रामराज्य' पुनःस्थापना गर्ने दिवास्वप्न देखाएर झुलाइँदै आएको छ । उनीहरूकै हितका नाममा धार्मिक नीति र मर्यादा बचाउन भन्दै राम अवतारका रूपमा साक्षात् भगवान् मानिस बन्ने र उनले 'रामराज्य' पुनःस्थापना गर्ने सपना बाँड्ने क्रम जारी छ, सयौं-सयौं वर्षदेखि । अयोध्याका राजाका रूपमा व्याख्या गरिएका रामलाई साक्षात् भगवान र मर्यादा पुरूषोत्तम मान्ने आस्थावादीका आँखा 'रामराज्य' को सपनाबाट छोपिएको छ, 'जय श्री राम' को नाराबाट पनि ढाकिएको छ । कतिसम्म भने रामभक्तहरूका लागि रामायण महाकाव्य होइन, इतिहास हो । तुलसी-रामायण वा रामचरित मानस नै सत्य हो, वाल्मीकि-रामायणको समेत अर्थ छैन, किनभने वाल्मीकि-रामायणले रामलाई भगवान्‌भन्दा बेसी मानिस बनाएको थियो ।

तुलसीले रामलाई भगवान् बनाउन वाल्मीकि-रामायणबाट त्यस्ता अरूचिकर र अस्वीकार्य प्रसङ्ग हटाएको सन्दर्भ उल्लेख गर्दै लेखक राजेन्द्र यादवले 'सुनो, सभासदो सुनो ... (हंस, अप्रिल, २००३) मा लेखेका छन्, 'रामभक्तहरूलाई राम र उनको कथा कति ठूलो सत्य लाग्छ भने उनीहरूलाई बौद्ध-रामायण स्वीकार्य छैन, न त जैन-रामायण नै । सबैभन्दा नजिकको वाल्मीकि-रामायण नै उनीहरूको स्वीकार्य छैन भने बाँकी रामकथाहरूको हैसियतै के छ र ? विगतमा जति पनि दंगाफसाद भए, ती सबै तुलसी-रामायणलाई नै अन्तिम सत्य र अपरिवर्तनीय मान्दै भए । त्यस्तो 'सत्य', जसमा रामका अन्य पत्नीहरू छैनन्, न सीता रावणकी छोरी र रामकी बहिनी नै हुन्, नत राम-लक्ष्मणले शूर्पनखालाई छेडछाड गरे, नत जावा-सुमात्रा द्वीपका रामायणसँग हाम्रो कुनै लेनादेना छ ।'

*'रामभक्तहरूलाई राम र उनको कथा कति ठूलो सत्य लाग्छ भने उनीहरूलाई बौद्ध-रामायण स्वीकार्य छैन, न त जैन-रामायण नै । सबैभन्दा नजिकको वाल्मीकि-रामायण नै उनीहरूको स्वीकार्य छैन भने बाँकी रामकथाहरूको हैसियतै के छ र ? विगतमा जति पनि दंगाफसाद भए, ती सबै तुलसी-रामायणलाई नै अन्तिम सत्य र अपरिवर्तनीय मान्दै भए । त्यस्तो 'सत्य', जसमा रामका अन्य पत्नीहरू छैनन्, न सीता रावणकी छोरी र रामकी बहिनी नै हुन्, नत राम-लक्ष्मणले शूर्पनखालाई छेडछाड गरे, नत जावा-सुमात्रा द्वीपका रामायणसँग हाम्रो कुनै लेनादेना छ ।'*

कपिला वात्स्यायनले 'रामायण एन्ड दि आर्टस् अफ एसिया' मा रामसम्बन्धी कथाका ४३५ वटा रूप र पाठ रहेको उल्लेख गरेकी छिन्, जसमा देश र कालअनुसार रामकथाका रूप र पाठ भिन्नाभिन्नै छन् । राम भक्तहरूको मनस्तिष्कमा तुलसी-रामायणको पाठ यति नराम्ररी घुसेको छ कि उनीहलाई वाली-बध, शूर्पणखाको कुरूपीकरण, लंका-दह, शंबूक-हत्या, सीता-निष्काशनजस्ता काम पनि सही र जायजै लाग्छ, अनि फौजी आक्रमण, हत्या-हिंसा पनि न्यायोचित लाग्छ । किनभने ती काम पनि 'बृहत्तर आदर्श' समाज स्थापनाको लक्ष्य पूरा गर्ने शास्त्र-सम्मत माध्यम हुन् ।

आफूलाई कट्टर अहिंसावादी ठान्ने मोहनदास करमचन्द गान्धी र उनका चेलाहरूले पनि 'राम राज्य' पुनःस्थापनाको झण्डा फहराउने क्रममा धर्म र संस्कृतिमा रहेको हिंसात्मक माध्यमको कडा भर्त्सना गरेका छैनन् । संस्कार र संस्कृतिमा हत्या, हिंसा र आक्रमणको अर्चना अनि मुख र बोलीमा भने अहिंसाको अभ्यर्थना यस्तो विरोधाभास गान्धीमा मात्रै होइन, गान्धीलाई महात्मा ठानी नेपाली राजनीतिज्ञहरूमा पनि देखिएको छ । उनीहरू दसैं वा अन्य हिंसात्मक संस्कृतिमा आधारित चाडबाडमार्फत पनि शान्ति र अहिंसाको कामना गर्न प्रतिस्पर्धा गर्छन्, तर व्यवहारमा परम्परा, संस्कार र संस्कृति मान्ने नाममा हत्या,

हिंसा र आक्रमणकै पक्षपोषण गर्छन् । त्यसैले मुख्य प्रश्न के हो भने राष्ट्रपति र कामचलाउ प्रधानमन्त्रीदेखि एकसेएक कम्युनिष्ट नेताहरूले हिंसामा आधारित चाडवाडको नाममा शान्ति र अहिंसाको शुभकामना पोको बाँड्दै हिँड्दा कसरी शान्ति र अहिंसाको वातावरण बन्छ ?

लगभग २७ सय वर्षको धार्मिक प्रचारबाजीका कारण धेरैजसो हिन्दु, मनमस्तिष्कमा राजा रामको मर्यादा पुरूषोत्तम वा धर्म-संस्थापक अधिनायकको छविले जमेर बस्दै आएको छ, जुन छविमा युद्धपिपाशु चरित्र प्रभावशाली छ । परम्परागत सद्गुण र मर्यादाको रक्षा गर्ने नाममा विधर्मीलाई घृणा गर्ने तथा आफ्नो दण्ड-शक्तिका आधारमा उनीहरूमा त्रास पैदा गर्ने रामको चरित्रको पूजाअर्चनाबाट कसरी शान्ति र अहिंसाको जित हुन्छ ? धर्म, जाति र संस्कृति रक्षाको नाममा घृणा र भयको सम्मिश्रण र उपयोग व्यवहारमा गरियो भने हिन्दुत्वको फासीवादीकरण हुँदैन ? त्यस्तो फासीवादीकरणले शान्ति र अहिंसा होइन, अशान्ति र हिंसाको अमर्यादा र अराजकता बृद्धि गर्दैन ? 'मुखमा राम–राम, बगलीमा छुरा' भनेको फासीवादीकरणकै सक्कली नारा त होइन ?

हुन त यस्ता प्रश्नको जवाफ खोज्न टाढा जानु पर्दैन, भारतीय जनता पार्टी र राष्ट्रिय स्वयमसेवक संघले गर्दै आएको फांसीवादी राजनीतिको कुरूप तस्वीर हेरे पुग्छ । तिनीहरूले 'रामको नाममा वा राम जन्मभूमिको निहुँमा' धार्मिक दंगाफसाद मच्चाउँदै भारतको केन्द्रीय राजनीतिमा समेत हस्तेक्षेप गर्दै आएका छन् र प्रभुत्व कायम गर्न खोजेका छन् । रामको मर्यादा पुरूषोत्तम वा धर्म-संस्थापक अधिनायकको छविलाई भिजाएर तिनीहरूले जेजस्तो राजनीतिक 'उपलब्धि' हासिल गरे, तिनीहरूसँग सालनाल जोडिएका नेपाली हिन्दुवादीहरू पनि त्यस्ता 'उपलब्धि' बाट अचेल निकै प्रेरित र उत्साहित भएको देखिन्छ । गद्दीच्यूत भएका ज्ञानेन्द्र शाह, अनेक नामधारी बाबाहरू, राज्यमा रहेका र नरहेका राजनीतिक नेताहरू, मिडियापति र व्यापारीहरू पनि हिन्दुधर्म रक्षाको नाममा 'सांस्कृतिक राजनीति' गर्दैछन् । उनीहरूको चाडलाई हिन्दु अधिराज्यको महान चाड र आमजनतालाई रामभक्त हिन्दू बनाउँदै दसैंलाई पनि व्यापारीकरण गर्ने रणनीतिक स्वार्थ ।♦

(साभार : २०६७ कार्तिक ३ बुधवार, कान्तिपुर)

**बिहानी सेवा (Morning Counter) को सुविधा तथा नयाँ बचत योजना सहित आकर्षक ब्याजदर तथा अन्य सेवाहरुसहित हामी उपस्थित भएका छौं ।**

* **Western Union Money Transfer** को सुविधा ।
* **Nabil Remit** को सुविधा ।

१३% मुद्दती बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाको चेकलाई समाशोधन गृह (**CLEARING HOUSE**) को व्यवस्था ।

१०% साधारण बचत

क्रमिक बचत
४२ महिना = ५० महिना
७२ महिना = १०० महिना

९% दैनिक मौज्दातमा हसना बिशेष बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिक शेयर (**IPO**) निष्काशन हुँदा । आवेदन गरिदिने व्यवस्था

१०% विद्यार्थी बचत

१०% नारी सामुहिक बचत

१२% बाल बचत बर्थ डे केक सहित

*कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्श । परामर्शको व्यवस्था

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**
**Hasana Saving & Credit Co-operative Ltd.**
बलम्बु (भास्तिपुर)-२, काठमाडौं, फोन नं.:- ४३१६१७३, फ्याक्स नं.:- ४३१६१७४
इमेलः- hasana2065@gmail.com

# व्यक्तिगत गुणधर्म र अध्ययनशील जनमत



✍ शिशिल चित्रकार

आजको नेपाली समाज विभिन्न संक्रमणबाट गुज्रिरहेका अवस्था छ र सबै व्यक्तिहरूमा विविध त्रास र भययुक्त वातावरणमा घेरिएको अवस्था छ भन्नु शायद गलत हुँदैनन् । आज समाजको हरेक क्षेत्रमा अस्तव्यस्त अराजकता, मनपरितन्त्र, छाडा प्रवृत्ति, गुणस्तरहीन कार्यको अवस्था, अनुगमन र निरीक्षण नहुनु, भएको अनुगमन निरीक्षण पनि दोषमुक्त नहुनु आदि इत्यादि विसमताले जकडिएको अवस्था छ । कुनैपनि कार्य सही ढङ्गले अगाडि बढ्न सकेका छैनन् वा कुनैपनि कार्य गहिरिएर अध्ययन नगरी सतहीको भरमा मात्र हुने प्रचलन बढ्दो छ । आज विभिन्न क्षेत्रमा तत् क्षेत्रमा चाहिने विशेषता, अध्ययनशील, कमर्ठशीलको अभाव हुनु र त्यसको साटो चिया, सुरापान गफ र हावादारी कुरौटे जमातको वर्चस्व बढ्दै गएको देखिन्छ ।

व्यक्तिको सोचाई कृयाकलापले समाजको छवी निर्माण हुने गर्छ भने समाजमा विद्यमान गलत वातावरणको दोष व्यक्तिलाई दिन सकिन्छ कि सकिंदैन ? व्यक्तिको गलत कृयाकलापको परिणाम नै भ्रष्ट, अराजक, अस्तव्यस्त समाजको कारकतत्व हुन् भने यो समूह, त्यो समूह, संगठन आदिमा हुने वादविवाद आदिको के औचित्य ? व्यक्तिको सोचाई, कृयाकलाप, चरित्र, अनैतिकता आदिमा वादविवाद हुनु र त्यसको निराकरणतर्फ केन्द्रित हुनुपर्ने सकारात्मक पक्ष होइन र ? व्यक्तिको चरित्र सुधारविना हचुवाको भरमा कुरा गर्ने नीति बनाउने, हचुवा कार्यान्वयन (अझ कयौं त कार्यन्वयनै नहुने) गर्ने परिपाटी र अझ समग्रमा अध्ययनशील र कर्मठ जनमत विनाको समाज विकासतिर उम्मुख हुन्छ भनी सोचाई राख्नु नै ठूलो मुर्खता भएन ?

आज समाजको यो अवस्था, व्यक्तिहरूको चाहना, झन गलतमाथि गलत कार्य थपिंदै जानको लागि कारक तत्व भएन ? व्यक्तिहरूको सोचाई भेदअनुरूप विभिन्न समूहहरूको स्थापना हुन्छन् तर व्यक्तिले स्वयं आफ्नो परिचय नखोज्नु वा खोज्न नचाहनु नै समाजको विडम्बना होइन ? समाजमा विभिन्न स्वभावधर्म भएका व्यक्तिहरू हुनु अस्वाभाविक होइन, तर सवाल आफ्नो परिचय कस्तो हो जान्नु उपयुक्त हुन्छ ।

प्रसङ्गवश निम्नलिखित गाथा स्मरण गर्नु उपयुक्त हुन्छ । आर्यले जीवनलाई अनार्यले देखेभन्दा भिन्नै तरिकाले देख्छ । अनार्यजनले जे कुरालाई सुख भनी ग्रहण गर्दछ, आर्यजनको निम्ति त्यो दुःख हुन्छ । अनार्यको निम्ति जे दुःख हुन्छ, आर्यको निम्ति त्यो सुख हुन्छ । संयुक्तनिकाय (षडायतन वर्ग, परिच्छेद १, तृतीय पण्णासक भाग ४, अगञ्जसुत्त) मा गाथामा यसरी उल्लेख गरिएको छ ।

"रूप, शब्द, गन्ध, रस, स्पर्श र सम्पूर्ण धर्म,
जबतक त्यति अभिष्ट, सुन्दर र मनमोहक भनिन्छन्,
ती देवताहरू सहित सारा **संसारका** सुख सम्झिन्छ ।
जहाँ ती निरूद्ध हुन्छन् तिनीहरूलाई उनीहरू दुःख सम्झन्छन ।
किन्तु, **पण्डितजन त सत्कायको निरोधलाई सुख** मान्दछन,
**संसारको विचारदेखि उसको विचार केही उल्टो** नै रहेको हुन्छ ।
जे कुरालाई अरू सुख भन्दछन्, तिनलाई **पण्डितजन दुःख** भन्दछन् ।
जुन कुरालाई अरू **दुःख भन्दछन्, तिनलाई पण्डितजन सुख** भन्दछन्।
दुर्ज्ञेय धर्महरूलाई हेर, मूढ अविद्वानहरूमा
क्लेशावरणमा परेका अज्ञानलाई यो अन्धकार हुन्छ ।
ज्ञानी सन्तहरूलाई यो खुला प्रकाश भइदिन्छ,
धर्म नजान्नेहरू सँगै रहेर पनि नसम्झने हुन्छन ॥ —"

*(साभारः अनुः आर. बि. बन्ध, जीवनको प्रत्येक घडीमा अधिधर्मको उपयोग, दि कर्पोरेट बडी अफ टाइवान)*

आज विश्व समाजको भयावह अवस्था आउनुमा बालजन (मुर्ख व्यक्तिहरू) बाहुल्यता, मुर्ख्याईपूर्ण कार्य योजना र सो को परिणामबाट आएको हो कि होइन ? संसारको इतिहासमा यस्तै मुर्ख्याईपूर्ण सोच, विचारहरूले अन्य सत्‌गुणहरूलाई पराजित गर्दै आउने हो । पण्डितजनहरु संख्यात्मक रूपमा न्यून हुनु र अझ पराजित हुँदै जानु, फटाहाहरूको राज हुँदै जानु नै संसारको नियति हो र विनाश नै यस्को विकल्प हो कि होइन ? माथि उल्लेख्य गाथामा व्याख्या भएको संसारको अर्थ के हो ? यस बारे नागसेन भन्ते र राजा मिलिन्दबीच भएका कुराकानी सान्दर्भिक देखिन्छ । राजा मिलिन्दले संसार के हो भनी सोधेको जवाफमा नागसेन भन्तेले जन्ममरण र जन्मको चक्रलाई नै संसार हो भनी बुझाउनुभयो । यसलाई उदाहरणबाट अझ प्रष्ट्याउँदै जसरी आँप खाइसकेपछि बियाँलाई रोप्यो भने फेरी आँपको रूख उम्रिन्छ । त्यो उम्रेको आँप खाएर पुनः बियाँ रोप्यो भने त्यसबाट फेरी आँपको रूख फलेझैं जीवन पनि मर्दछ फेरी जन्मन्छ पुनः मर्दछ आदि चक्रमा धुमिरहन्छ र यसैलाई संसार भनिन्छ । (साभारः रूपान्तर, मोतिकाजि शाक्य, मिलिन्दप्रश्न भाग १, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०५८)

आज कुनैपनि व्यक्तिमा जुन किसिमको अज्ञानता छ, धनसम्पत्ति संग्रहका लागि जुन हानथाप छ, जुन भ्रष्ट, दुराचारी मानसिकताको बिगबिगी छ, त्यो व्यक्तिको ठूलो मुर्ख्याईं भन्न सकिन्छ कि सकिंदैन ? यस प्रसङ्गमा धम्मपदको दुईवटा गाथा उल्लेखनीय छ ।

एथ पस्सथिमं लोकं–चित्तं राजरथूपमं ।

एत्थ बाला विसीदन्ति–नत्थि सङ्गो विजानतं ॥

अर्थः यहाँ आउ ! यो राजाको रथजस्तो भदकिलो यो संसारलाई हेर । यसमा मूर्खजनहरू मात्र फस्दछन् । ज्ञानीहरू आशक्त हुँदैनन् । (१७१)

पथब्या एकरज्जेन–सग्गस्स गमनेन वा ।

सब्बलोकाधिपच्चेन–स्रोतापत्तिफलं वरं ॥

अर्थः सवै पृथ्वीको राज्यभोग गर्नुभन्दा, स्वर्गमा जानुभन्दा, सबै लोकको अधिपति हुनुभन्दा स्रोतापत्ति फल प्राप्त गर्नु नै उत्तम छ । (१७८)

संसारको चक्रबाट पार लाउन कसैले कसैलाई तान्ने होइन । संसारको चक्र चलिरहन्छ, समाजको दुरावस्था इतिहासको कालखण्डमा पनि थियो, आज पनि यथावत छ, भोलि पनि रहिरहने छन् । समाजको यो दुरावस्थाको जिम्मेवार व्यक्तिको कार्य हुन् भने सामाजिक हितका लागि समर्पित हुनु, अध्ययनशील हुनु, अध्ययनशीलबाट क्रमशः अज्ञान हटाई सम्पूर्ण निरोध धर्म व्यक्तिको कार्य लक्षित हुनु अति आवश्यक छ । अध्ययनशील व्यक्तिको अभाव, सतही गफ कुराको आधारमा चलेको समाज र व्यक्ति स्वयंको विकास कदापि हुन सक्दैन । यसको लागि व्यक्ति स्वयं अध्ययनशील हुनु आवश्यकक छ । राष्ट्र र समाजको विकासको लागि अध्ययनशील जनमत तयार गर्नु राष्ट्रको प्रमुख दायित्व हो । अध्ययनशील जनमतको तयारी विना राष्ट्र, समाजले विकासको कल्पना गर्नु व्यर्थ छ र समाज विकासका लागि अध्ययनशील जनमत तयार गर्नुको अर्को विकल्प छैन । सबैको कल्याण होस !

♦

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

# स्वयम्भू चैत्य बुद्ध महाविहार एक परिचय

- **ब्रह्मदेव "प्रदिप"**, उर्लावारी-४, मोरङ्

**पृष्ठभूमि :-**

२०२४ साल अगाडि सम्म मधुमल्ला गाउँ पंचायतमा समाविष्ट भित्रि मधेश तथा तराई क्षेत्रमा अवस्थित नेपालको पूर्वाञ्चल विकास क्षेत्र, कोशी अञ्चल, मोरङ् जिल्लामा जम्मा ९ वटा वडाहरू रहेको 'उर्लावारी' भन्ने एक गा.वि.स. पनि रहेको छ । त्यस गा.वि.स.को पूर्व मावा खोला, दक्षिणमा अथियाबारी, पश्चिममा सन्जरा खोला तथा उत्तरमा मधुमल्ला गा.वि.स. रहेको छ । त्यस गा.वि.स.को वडा नं. १ देखि वडा नं. ५ सम्मको क्षेत्र उर्लावारी बजार क्षेत्रले ओगटेको छ । वास्तवमा महेन्द्र राजमार्ग बनाउनुभन्दा अघिसम्म जङ्गल तथा मावा खोलाको बाढीले गर्दा बगरको रूपमा अवस्थित आजको उर्लाबारी बजार क्षेत्र महेन्द्र राजमार्ग बनाउने शिलशिलामा तटबन्ध र कलभर्ट निर्माण गरिसकेपछि तथा त्यस क्षेत्र वरिपरिको जङ्गल नष्ट भई सकेपछि त्यस ठाउँ बस्तियोग्य भूमिमा परिणत भएको हो । त्यस ठाउँमा सबैभन्दा पहिले २०२२ सालमा ललितपुर, नागबहाल मूल घर भई भोजपुरमा बसोबास गरिरहेका शाक्य परिवारका दिवंगत लालबहादुर शाक्य सपरिवार त्यस ठाउँमा भोजुपरबाट बसाईं सरेका हुन् । मधुमल्ला गा.वि.स.को जम्राह भन्ने ठाउँमा २०१६ सालमै पहिलो पटक भोजपुरबाट ललितपुर, नःबहाल मूल घर भई भोजपुर बसोबास गरिरहेका शाक्य परिवारका दि. कृष्णराज शाक्य सपरिवार त्यसतर्फ बसोबास गरिसकेका थिए । २०२४ सालमा ऐलानी जग्गाको रूपमा रहेको त्यस क्षेत्रको जग्गा उर्लाबारी बजार व्यवस्थाका लागि एक हातको एक रूपैयाँका दरले जग्गा वितरण भएको थियो । त्यसपछि धनकुटा, तेह्रथुम, ताप्लेजुङ्, पाँचथर, इलाम र दिङ्लामा रहेका नेवारहरू तथा अन्य जातिका मानिसहरूले त्यस क्षेत्रमा स्थायी बसोबास गरेका हुन् । २०२८ सालदेखि ललितपुर, ओकुबहाल मूलघरभई भोजपुर तथा चैनपुरमा बसोबास गरिरहेका शाक्यहरू पनि त्यतैतिर बसोबास गर्न थालेका हुन् । त्यहाँ बसाईं सरेका शाक्यहरूले २०३५ सालमा शाक्य समाजको गठनपश्चात् २०६४ सालमा विधिवत रूपमा 'शाक्य बौद्ध समाज सेवा' नामक संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी कार्य संचालन गर्दै आइरहेको छ । २०५२ सालबाट संचालन भएको माओवादी जनयुद्ध र इटहरा-उर्लाबारी सडकको निर्माण भइसकेपछि त्यतातिर स्थायी बसोबास गरी मानिसहरू बस्नजाने क्रम तीब्र भयो । अहिले यहाँका स्थायी बासिन्दा करीव अस्सीहजार रहेको बुझिएको छ । त्यसमध्ये ललितपुर, भिन्छेबहाल मूल घर रहेका वज्राचार्यको एक परिवारसहित छ सयभन्दा बढी शाक्यहरू रहेको बुझिएको छ । नगर विकास समितिमा समाविष्ट त्यस गा.वि.स.को बजार क्षेत्र नगरपालिकामा परिणत हुने कार्यमा अघि बढिरहेको छ । साथसाथै मोरङ् जिल्लाको सदर मुकाम विराटनगर शहर पछिको दोश्रो ठूलो शहरको स्थान लिने बाटोमा गइरहेको छ ।



**विहार निर्माण कार्य :-**

दिवंगत सुशीला गुरुमांको प्रेरणाले २०३५ सालमा ललितपुर ओकुबहाल मूलघर भई भोजपुर बसोबास गरिरहेका शाक्य परिवारका दि. भक्तबहादुर शाक्यको अध्यक्षतामा नौसदस्यसहित धर्मोदय सभा, उर्लाबारी उपशाखा स्थापना गरियो । काठमाडौंमा भएको धर्मोदय सभाको एक कार्यक्रममा उर्लाबारीको तर्फबाट उहाँले (दि. भक्तबहादुर) भाग लिन जानुभएको थियो । त्यस कार्यक्रममा उहाँलाई धर्मोदय सभाको तर्फबाट एक बुद्धमूर्ति उपहार प्रदान गरियो । सो बुद्धमूर्तिसहित उहाँ उर्लाबारीमा फर्केपश्चात्को समयदेखि उहाँले उर्लावारीमा अवस्थित आफ्नै घरमा उर्लावारीस्थित शाक्यहरूलाई भेला गरी नित्य रूपमा अष्टमी, पूर्णिमा र आमावश्यका दिन बिहान ज्ञानमाला भजनका साथै बुद्धपूजा गर्ने चलनको शुरूवात गर्नुभयो ।

दि. लालबहादुर शाक्यले आफ्ना पिता दि. सिद्धिरत्न



शाक्यको नाममा पञ्चेश्वर महादेवको मन्दिर बनाउन एक जना बाबाजीलाई २०२८ सालमा, आजको स्वयम्भू चैत्य बुद्ध महाविहार बनाइराखेको जग्गा प्रयोग गर्न दिइराखेको थियो । उक्त बाबाजीले त्यस जग्गाको रेखदेख पनि गर्न सक्नुभएन, साथै बाबाजी पनि हराउनुभयो । २०४४ सालतिर दि. सुशीला गुरूमां ( नाताले दि. लालबहादुर शाक्यको आफ्नै बहिनी) उर्लाबारीको भ्रमण गर्न आउनुभएको बेला एक बुद्ध विहार, उर्लाबारीमा पनि बनाउन सल्लाह दिनुभएअनुसार बुद्ध विहार बनाउन दि. लालबहादुर शाक्यको माहिला छोरा दि. रामबहादुर शाक्यले उर्लाबारी-४ को एक कट्ठा, दश धुर भएको कित्ता नं. ४९४ को त्यस जग्गा धर्मोदय सभा, उर्लाबारी मोरङ्को नाममा २०४६ साल बैशाख १३ गते मंगलबारका दिन रजिष्ट्रेशन पास गरी दान दिइयो । त्यसपश्चात् त्यस ठाउँमा बुद्ध विहार बनाउनका लागि दि. भक्तबहादुर शाक्यको नेतृत्वमा कार्य प्रारम्भ गरियो । उर्लावारीका तात्कालीन वयोवृद्ध दि. पहलमान कार्कीबाट शिलान्यास गराई संस्था तथा ३५२ जना दाताहरूबाट प्राप्त चन्दाले एक तल्ले विहार निर्माण गरी २०४९ साल जेष्ठ ३ गते बुद्धजयन्तीका दिन काठमाडौंका भिक्षु मुनीन्द्र, पुण्यवती गुरुमांलगायत अन्य गुरुमांहरूको समुपस्थितिमा एक धार्मिक समारोहबीच स्वयम्भू चैत्य बुद्ध महाविहारको समुद्घाटन गरिएको थियो ।

**विहारको गतिविधि :-**

विधिवत रूपमा स्वयम्भू चैत्य बुद्ध विहारको समुद्घाटनदेखि समयसमयमा काठमाडौंबाट भन्ते तथा गुरूमांहरू त्यहाँ जाउनुभई बुद्धपूजा-धर्मदेशना, परित्राण आदि धार्मिक कृयाकलाप संचालन भइरहेको छ । तर अहिलेसम्म स्थायी रूपमा भन्ते-गुरूमांहरूको बसोबास हुनसकेको छैन तापनि उर्लाबारीका उपासक-उपासिकाहरूले प्रत्येक अष्टमी, पूर्णिमा तथा औंसीका दिन आनापानास्मृति ध्यान, ज्ञानमाला-भजन तथा बुद्धपूजा संचालन गरिरहेका छन् । गुँला-धर्मको महिनाभरि (असार-श्रावण) दैनिक धार्मिक कार्यक्रमको आयोजना हुँदै आइरहेको छ । जग्गादाताका भाइ धर्मराज शाक्यले ज्ञानमाला भजन तथा हिराकाजी शाक्यले दैनिक नित्यपूजा जिम्मेवारीपूर्वक संचालन गरिरहनुभएको छ ।

गोवर्द्धन शाक्यको अध्यक्षतामा गठित नौ सदस्यीय वर्तमान संचालक समितिले विहारको संरक्षण र संचालन गरिरहेको छ । त्यस्तै गरी २०४९ सालदेखि युवा बौद्ध समूह, उर्लाबारी गठन गरी त्यहाँ रहेका युवाहरूलाई बुद्धधर्म तथा समाज सेवाको कार्यमा कार्य गराउँदै आइरहेको छ । हाल आशा शाक्यको अध्यक्षतामा एघार सदस्यीय कार्य समितिले त्यस कार्य गर्दै आइरहेको छ ।

**विहारमा 'बरे छुयेगु' (चूडाकर्म) कार्य :-**

२०५२ सालमा प्रथम पटक स्वयम्भू चैत्य बुद्ध महाविहारमा वज्रयान विधिअनुसार वज्राचार्य (गुभाजु) मूलाचार्य राखी दि. लालबहादुर शाक्यले 'नायः लुयेगु' (स्थविराभिषेक) कार्य गर्नुभई उहाँ 'आजु' (स्थविर) हुनुभयो । त्यही सालमा प्रथम पटक काठमाडौं उपत्यकाको बहाल तथा बहिलहरूमा शाक्य तथा वज्राचार्यका कूलपुत्रहरूलाई गरिने 'बरे छुयेगु' ( चार दिनसम्म प्रव्रज्यादीक्षा दिने) विधिअनुसार उर्लाबारीका बीसजना शाक्य कूल पुत्रहरूलाई 'बरे छुयेगु' कार्य भयो । विहार संचालक समितिले 'बरे छुयेगु' कार्यलाई अद्यावधि निरन्तरता दिइरहेको छ । त्यहाँ चीवरबाहेक पाँच सय एक रूपैयाँमा 'बरे छुयेगु' कार्य व्यवस्था भइरहेको छ ।

**विहारको वर्तमान स्वरूप :-**

जग्गा दाता दि. राम बहादुर शाक्यका भाइ धन बहादुर शाक्यको घडेरी विहारको पूर्वतिर, पश्चिममा विहार प्रवेशको मूलबाटो रहेको छ भने उत्तरदिशामा महेन्द्र राजमार्गभन्दा बीस मीटर पर रहेको अन्य व्यक्तिको घडेरी र दक्षिणमा अन्य व्यक्तिहरूको घडेरी रहेको छ । एक कट्ठा दशधुर क्षेत्रफलको वर्गाकार जग्गाको मध्यभागमा पर्नेगरी पूर्व, दक्षिण, पश्चिम र उत्तरदिशामा क्रमशः अक्ष्योभ्य, रत्नसंभव, अमिताभ र अमोघसिद्धिको छइन्चको पाषाण (ढुङ्गा) को मूर्ति राखी करीब १२ फिट अग्लो सिमेन्टको चैत्य र त्यसको पूर्वदिशामा पर्नेगरी सिमेन्टको धर्मधातु निर्माण गरिएको छ । जग्गाको पूर्वीभागमा उत्तर-दक्षिण करीव ३० फिट लम्बाइको एक तल्ले मूल गन्धकुटी भवन निर्माण गरी त्यसभित्र उत्तराभिमुख ३ फिटको सिमेन्टको शाक्यमुनि बुद्धको मूर्ति स्थापना गरिएको छ, जुन भोजपुरका दि. हेमराज शाक्यले निर्माण गर्नुभएको हो । साथै

काठमाडौंका दिव्यरत्न तुलाधरले दान दिनुभएको २ फिटको ढलौटको बुद्धमूर्ति र १० इन्चको बुद्धको मूर्ति राखिएको छ ।

त्यस्तै मुख्य मूर्तिको दायाँ बायाँ एक/एकवटा ढलौटको ८ इन्चि साइजमा रहेको बुद्धमूर्ति राखिएको छ । गन्धकुटी प्रवेश गर्ने ढोका पश्चिमदिशा फर्केको, ढोकाको सिरान तथा दायाँ बायाँ टायलमा बुद्धका चित्रहरू अंकित गरिएका छन् । ढोकाको माथिल्लो भागमा 'स्वयम्भू चैत्य बुद्ध महाविहार, उर्लाबारी-४, स्था. २०४९-२-३' भन्ने व्यहोरा लेखिएको छ । दक्षिणतिर, पूर्व-पश्चिम करीव ३० फिटको जस्ता पाताले छाएको दुइ तल्ले आवाशगृह निर्माण गरिएको छ । त्यहाँ युवा बौद्ध समूह, उर्लाबारी २०५३, धर्मोदय सभा, उर्लाबारी शाखा २०३५ र शाक्य बौद्ध समाज सेवा, उर्लाबारी २०६४ उल्लेख्य तीनवटा साइनबोर्ड झुण्याइएको छ । विभिन्न फूलका बोटबिरूवाले विहारको शोभा बढाइएको छ ।

**योजना :-**

विहारको एक तल्ले मूल गन्धकुटी भवनमा तल्ला थप्ने योजनाका लागि विहार संचालक समिति लागिपरेको छ । त्यस कार्यका लागि करीब सातलाख रूपैयाँ चन्दा संकलन भइसकेको र अझ पनि तीन चार लाख रूपैयाँ अपुग भइरहेको हुनाले श्रद्धालु दाताहरूबाट प्राप्त हुने अपेक्षा गरिएको छ ।

**समस्या :-**

विहार प्रवेश गर्ने मूलमार्गमा असारदेखि आश्विन महिनासम्म वर्षाद्को पानी जम्मा भई विहारमा आवत जावत गर्न अवरोध हुने गरेको छ । यसको स्थायी समाधान व्यक्तिगत तवरले मात्र सम्भव छैन । त्यसैले समस्याको स्थायी समाधान नभएसम्मका लागि भनी धनबहादुर शाक्यले विहारको पूर्वी भागमा रहेको आफ्नो घडेरीबाट बाटो उपलब्ध गराइरहनुभएको छ । भविष्यमा विहारबाट करीव ३० मीटरको दुरीमा रहेको महेन्द्र राजमार्ग छिचोल्ने गरी, विहार आवतजावतका लागि एउटा बाटो खोल्न सके विद्यमान समस्याको स्थायी समाधानको उपाय अवलम्बन गर्न सकिने छ, यसले गर्दा सबैलाई सुविधा हुनेछ ।

♦

***सन्दर्भ श्रोत :-***

स्वयम्भू चैत्य बुद्ध महाविहारका अध्यक्ष गोवर्द्धन शाक्य, सचिव गोपाल शाक्य, कोषाध्यक्ष धर्मराज शाक्य र मधुमल्लाका अनन्त श्रेष्ठसँग कुराकानी तथा सम्पर्क ।

दर्ता नं. २०४६/०६५-०६६
एक होइन सबै सबल बनौं ।

**विजया दशमी २०६७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूलाई हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।**

**मुद्दती बचतमा १३ प्रतिशत ब्याज**

**दैनिक बचतमा ६.५ प्रतिशत ब्याज**

**बलम्बु च्याउ सहकारी संस्था लि.**

**बलम्बु, काठमाण्डौ**

बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेल: bmc_coperative@yahoo.com

# बुद्धका आठ यथार्थ गुणहरू



✍ दुण्ड बहादुर वज्राचार्य

(१) 'तपाईं जान्नुहुन्छ के – उहाँ भगवान् बहुजनहितको निमित्त, बहुजनसुखको निमित्त, लोकानुकम्पाको निमित्त, देवमुनष्यहरूको अर्थको निमित्त तथा सुखको निमित्त लागिरहनुभएको कुरो ? यसरी भगवान् बहुजनहितको निमित्त, बहुजनसुखको निमित्त, लोकानुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थको निमित्त, हितको निमित्त तथा सुखको निमित्त लागिरहनुभएको छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्ता (गुरू) लाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(२) 'उहाँ भगवान्को धर्म सु-आख्यात (राम्ररी बताई राखे) छ, सन्दृष्टिक (यसै जीवनकै फलदिने) छ, अ-कालिक (समय पर्खिरहन नपर्ने) छ, 'आऊ, हेर' भनी भन्न लायक छ, औपनयिक (निर्वाणतिर पुऱ्याउने) छ, विज्ञपुरूषद्वारा प्रत्यक्षीकरणीय छ । उहाँ यसरी निर्वाणमा पुऱ्याइदिने धर्मको प्रवक्ता हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(३) 'उहाँ भगवान्ले 'यो कुशल हो' भनी राम्ररी बताउनुभएको छ, 'यो अकुशल हो' भनी राम्ररी बताउनुभएको छ, 'यो सावद्य हो, यो निरवद्य हो; यो सेवनीय छ, यो असेवनीय छ, यो हीन छ, यो प्रणीत छ, यो कृष्ण-शुक्लको सप्रतिपक्ष छ' भनी राम्ररी बताउनुभएको छ । यसरी उहाँ कुशलाकुशल, सावद्य-निरवद्य, सेवनीय असेवनीय, हीन-प्रणीत तथा कृष्ण-शुक्लका सप्रतिपक्ष धर्महरूको प्रवक्ता हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(४) 'उहाँ भगवान्ले श्रावकहरूको निमित्त निर्वाणगामिनी प्रतिपद् राम्ररी बताउनुभएको छ । निर्वाण र प्रतिपद् दुवैको मेल राम्रो छ । जस्तै – गङ्गा र यमुनाको पानी एकै ठाउँमा मिल्छ – त्यस्तै – उहाँ भगवान्ले श्रावकहरूको निमित्त निर्वाणगामिनी प्रतिपद् राम्ररी बताउनुभएको छ । निर्वाण र प्रतिपद् दुवैको मेल राम्रो छ । यसरी उहाँ निर्वाणगामिनी प्रतिपद्को प्रवक्ता हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(५) 'उहाँ भगवान्लाई प्रसस्त लाभसत्कार[१] र यशकीर्ति[२] प्राप्त भएको छ । उहाँ क्षेत्री आदि[३] सबैको प्रियपात्र हुनुहुन्छ । उहाँ भगवान्ले मद-मत्तरहित भई आहार सेवन गर्नुहुन्छ । यसरी उहाँ मद-मत्तरहित भई आहार सेवन गर्ने हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(६) 'उहाँ भगवान्ले शैक्ष-मार्गमा प्रतिपन्न हुने र ब्रह्मचर्यवास पूरा गरी क्षीणास्रवी हुने जस्ता सहायकहरू पाउनुभएको छ । उनीहरूलाई छाडी भगवान् एक्लै विमुक्तिसुख ध्यानमा तल्लीन भई बस्नुहुन्छ । यसरी उहाँ एक्लै विमुक्तिसुख ध्यानमा तल्लीन भई विहार गर्ने हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(७) 'उहाँ भगवान्ले जस्तो बोल्नुहुन्छ (यथावादी) उस्तै गर्नुहुन्छ (तथाकारी), जस्तो गर्नुहुन्छ उस्तै बोल्नुहुन्छ (यथाकारी तथावादी) । यसरी उहाँ धर्मानुधर्ममा प्रतिपन्न हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(८) 'उहाँ भगवान् तीर्णविचिकित्सा (कुनै शंका नभएका) हुनुहुन्छ, विगत-कथंकथी (यो कसो होला, त्यो कसो होला भन्ने दोधारे विचार नभएका) हुनुहुन्छ, पर्यवसित-संकल्प (पूर्णसङ्कल्प भएका) हुनुहुन्छ तथा उहाँ पूर्ण-ब्रह्मचारी पनि हुनुहुन्छ । यसरी उहाँ तीर्णविचिकित्सा, विगत कथंकथी, पर्यवसित-संकल्पी तथा पूर्ण-ब्रह्मचारी हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

**पादटिप्पणी :**

१ बुद्धत्व लाभ गरिसक्नुभए पछि भगवान् बुद्धलाई अनेकौं लाभ सत्कारहरू प्राप्त भए । कोशल राजाले दिएको 'असदृश-दान' सबभन्दा उत्कृष्ट लाभ थियो ।

२ यशकीर्तिको सम्बन्धमा विस्तृत कुराहरू महागोविन्दसुत्तवण्णनाले उल्लेख गरेको छ । 'यमकप्रातिहार्य' पछि उत्पन्न भएको यशकीर्ति नै सबभन्दा ठूलो यशकीर्ति हो भन्ने कुरा पनि उहीं समुल्लेख भएको पाइन्छ ।

३ वैश्रवण भन्ने यक्षहरूका राजा । ♦

# पालि त्रिपिटकमा आउने साम्प्रदायिक वर्गिकरणका बारे एक विचार-२



✍ भिक्षु सरणंकर
आनन्द कुटी विहार

**सगाथवग्ग** : १. देवतासंयुत्त सुत्त ८०, २. देवपुत्तसंयुत्त सुत्त ३०, ३. कोसलसंयुत्त सुत्त २५, ४. मारसंयुत्त सुत्त २५, ५. भिक्खुणीसंयुक्त सुत्त १०, ६. ब्रह्मसंयुक्त सुत्त १५, ७. ब्राह्मणसंयुक्त सुत्त २२, ८. वंगीससंयुक्त सुत्त १२, ९. वनसंयुक्त सुत्त १४, १०. यक्खसंयुक्त सुत्त १२

**निदानवग्ग** : १. अभिसमयसंयुक्त सुत्त २२४, २. धातुसंयुक्त सुत्त ३८, ३. अनमतग्गसंयुक्त सुत्त २०, ४. कस्सपसंयुक्त सुत्त १३, ५. लाभसत्कारसंयुक्त सुत्त ४३, ६. लाहुलसंयुक्त सुत्त २२, ७. लक्खनसंयुक्त सुत्त २१, ८. ओपम्मसंयुक्त सुत्त १२, ९. भिक्खुसंयुक्त सुत्त १२

**खन्धक वग्ग** : १. खन्धकसंयुक्त सुत्त १५९, २. राधसंयुक्त सुत्त ४६, ३. दिट्ठिसंयुक्त सुत्त ९०, ४. ओकन्तसंयुक्त सुत्त १०, ५. उप्पादसंयुक्त सुत्त १०, ६. किलेससंयुक्त सुत्त १०, ७. सारिपुत्तसंयुक्त सुत्त १०, ८. नागसंयुक्त सुत्त ५०, ९. सुपण्णसंयुक्त सुत्त ४६, १०. गन्धब्बकायसंयुक्त सुत्त ११२

**सलायतनवग्ग** : १. वेदनासंयुक्त सुत्त २७९, २. मातुगामसंयुक्त सुत्त ३६, ३.जम्बुखादकसंयुक्त सुत्त १६, ४. सामन्तकानिसंयुक्त सुत्त १६, ५. मोग्गलानसंयुक्त सुत्त ५७, ६. चित्तसंयुक्त सुत्त १०, ७. गामिनिसंयुक्त सुत्त १३, ८. असंखतसंयुक्त सुत्त १८३७, ९. अब्याकत संयुक्त सुत्त १२,

**महावग्ग** १. मग्गसंयुक्त सुत्त ५४६, २. बोज्झङ्गसंयुक्त सुत्त ४४८, ३. सतिपट्ठानसंयुक्त सुत्त ५०६, ४. इन्द्रियसंयुक्त सुत्त ५२०, ५. सच्चपधानसंयुक्त सुत्त ४५६, ६. बलसंयुक्त सुत्त ४९२, ७. इद्धिपादसंयुक्त सुत्त ४८८, ८. अनुरूद्धसंयुक्त सुत्त २४, ९. झानसंयुक्त सुत्त ११४, १०. आनापानसंयुक्त सुत्त २०, ११. सोतापत्तिसंयुक्त सुत्त ७३, १२. सच्चसंयुक्त सुत्त १२४,

**अंगुत्तरनिकाय** :

एकक, दुक, तिक, आदि संख्यारूपले अनुक्रमिक रूपमा जम्मा गरिएको धर्महरूले अंगुत्तरनिकाय भरिएको छ । यसमा निपातको रूपमा सूत्रहरू संग्रह गरिराखेको छ । ११ वटा निपातयुक्त यस ग्रन्थमा सुत्तसंख्या ९५५७ वटा छन् ।

नव सुत्तसहस्सानि पञ्च सुत्तसतानि च
सत्त पण्णास सूत्तानि संख्या अगुत्तरो अयं

तरपनि यसमा वर्तमानमा हेर्दा सुत्तसंख्यामा कमि देखिन्छ ।

**खुद्दकनिकाय** :

सुत्तपिटकको पांचौ ग्रन्थ यो मतभेदमा परेको ग्रन्थ हो । एक एक ग्रन्थको रूपमा लिएर हेर्दा त्रिपिटकमा यो नै ठुलो हो ।

ठपेत्वा चतुरोपेते निकाये दीघ आदिते
तदञ्ञं बुद्ध वचनं निकायो खुद्दको मतो

दीघनिकाय आदि ग्रन्थ ४ वटा बाहेक अरू सबै बुद्धवचनहरू खुद्दक निकायमा पर्दछ भनी भन्दछन् । यसमा ग्रन्थ १५ वटा छन् । बर्मामा मिलिन्द प्रश्न, सुत्तसंगह, पेटकोपदेस, नेत्तिप्पकरण, ग्रन्थहरू पनि जोडेर १९ वटा बनाएका छन् ।

**खुद्दक पाठ**

यो खुद्दक निकायको पहिलो ग्रन्थ हो । श्रामणेरहरूको ज्ञान वर्धनको लागी रचना गरिएको हो । यसमा सरणागमन, दस सिक्खापद, द्वत्तिसकार, कुमार पञ्ह, मंगल सूत्र, रतन सूत्र, तिरोकुद्द, निधिकण्ड, मेत्त सुत्तगरी ९ वटा सूत्रहरू छन् ।

**धम्मपद**

यो दोस्रो ग्रन्थ हो । यसमा वर्ग २६वटा र गाथा ४२३ वटा छन् । यसलाई बोद्धहरूको हस्त ग्रन्थको रूपमा पनि लिइन्छ ।

**उदान पालि**

यो तेस्रो ग्रन्थ हो । यसमा तथागतको उदानहरू संग्रहित छन् । सुत्तसंख्या ८० वटा छन् ।

**इतिवुत्तक**

इति-यसरी वुत्तं-भन्नुभयो भन्ने वाक्यले सुरू भएका स साना सूत्रहरू यसमा छन् । निपात ४ र सुत्तसंख्या ११२ वटा छन् ।

**सुत्तनिपात**

सबै सूत्रहरू गाथाले भरिपुर्ण भएको यो ग्रन्थमा वर्ग ५ वटा छन् । यो पांचौ ग्रन्थ हो ।

**विमान वत्थु**

कुसल कार्य गरेर दिब्यलोकमा पाएका विमानहरूको बारेमा यसमा उल्लेख गरिएको छ । तिनीहरूले मनुष्यलोकमा

गरेका राम्रा कामहरू पनि यसमा बयान गरिएको छ । वर्ग ४ र कथावस्तु ८५ वटा छन् ।

**पेतवस्तु**

मनुष्यलोकमा गरेका नराम्रा कामहरूको प्रतिफलले गर्दा नरकमा उत्पन्न भएकाहरूको बारेमा बयान गरिएको छ । वर्ग ४ र कथावस्तु ५१ वटा छन् ।

**थेर गाथा**

अर्हत् फल प्राप्त गरेका भिक्षुहरूको अनुभव यसमा उल्लेखित गरिएको छ । निपात २१ र गाथा १२७९ वटा छन् । सौन्दर्यको बारेमा पनि यसमा बयान गरिएको छ ।

**थेरी गाथा**

अर्हत् फल प्राप्त गरेका स्थविरिहरूको बारेमा यसमा उल्लेख गरिएको छ । भिक्षुहरूले धर्म कारणा र सौन्दर्यको बारेमा बयान गरे झै यिनिहरूले आफ्नो जिवनका अनुभव र धर्म कारणाको बयान गरिएको छ । निपात १६ र गाथा ५२२ वटा छन् ।

**जातक**

यस ग्रन्थमा गाथाहरू मत्र छन् । निपात २२ वटा छन् । ब्यबहारिक रूपमा ५५० वटा जातक भनेतापनि यसमा जातकहरू जम्मा ५४४ वटा छन् ।

**चुल्ल निद्देस**

यो ११औं ग्रन्थ हो । यसलाई चुल्लनिद्देस र महानिद्देस गरी दुई टुक्रामा विभाजन गरिएको छ । यो सुत्तनिपातको लागि लेखेको अट्ठकथाको रूपमा पनि लिईन्छ । सुत्तनिपातको पारायण वग्गको सूत्रहरू र खग्गविसाण सूत्रको अर्थकथाको रूपमा चुल्ल निद्देस र महानिद्देस अट्ठक वर्गको अट्ठकथाको रूपमा लिईन्छ ।

**पटिसम्भिदामग्ग**

प्रतिसम्भिदाको अर्थ, धर्म, निरूत्ति, प्रतिभान हो । मग्गको अर्थ मार्ग हो । यसमा वर्ग ३ र कथा ३० वटा छन् ।

**अपदान**

यसलाई थेर अपदान थेरी अपदान गरी दुई भागमा विभाजन गरिएको छ । थेर अपदानमा वर्ग ५ र अपदान ५५२ वटा छन् । थेरी अपदानमा वर्ग ४ र अपदान ४० वटा छन् ।

**बुद्धवंस**

दीपंकर बुद्धदेखी गौतम बुद्धसम्मको २५जना बुद्धहरूको जिवन चरित्र यसमा उल्लेख गरिएको छ । गौतम बुद्धल यो देशना बुद्धत्व प्राप्तिको दोस्रो वर्षमा कपिलबस्तुमा गर्नुभएको भनि उल्लेख गरिएको छ । यो देशनाको लागी सारिपुत्र भन्तेले वहांलाई आराधना गरेको थियो ।

**चरियापिटक**

तथागतले यो कल्पमा पुरा गर्नुभएको पारमिताहरूको बारेमा संक्षिप्त रूपमा देखाएको छ । दान, शील पारमिता र अरूको बारेमा पनि बयान गरिएको छ । यसमा चरिया ३५ वटा बयान गरिएको छ ।

**अभिधर्मपिटक**

चित्त, चैतसिक, रूप, निर्वाण चार परमार्थ र स्कन्ध, धातु, आयतन, इन्द्रिय, सत्य, प्रत्य, समुत्पाद, मार्गफल धर्म विषय वस्तु बनाई देशना गर्नुभएको परमार्थ देशना अभिधर्म हो ।

या एत्थ वुद्धिमत्तनो सलक्खनं पूजिता परिच्छिन्ना
वुत्ताधिका च धम्मा अभिधम्मो तेन अक्खातो

वृद्धिमत, स्वलक्षणले युक्त, पूजित, परिच्छिन्न धर्म भएकोले यसलाई अभिधर्म भनिएको हो । यो प्रकरणको नामले चिनाएको छ । यसलाई ७ भागमा विभाजन गरिएको छ ।

१. धम्मसंगिनि प्रकरण
२. विभंग प्रकरण
३. कथावत्थु प्रकरण
४. पुग्गल पञ्ञति प्रकरण
५. धातु कथा प्रकरण
६. यमक प्रकरण
७. पट्ठान प्रकरण

**१. धम्मसंगिनि प्रकरण**

धम्मसंगिनिले राम्रो उत्तम भन्ने अर्थ जनाउदछ । यसलाई ४ भागमा विभाजन गरिएको छ ।

**चित्त विभक्ति** : यसमा कामावचर, रूपावचर, अरूपावचर र लोकोत्तर चित्तको बारेमा वयान गरेको छ ।

**रुप विभक्ति** : एक, दुक आदि एकादशक मातिकासम्म परमार्थ देशना यसमा बयान गरेको छ ।

**निक्खेपराशि विभक्ति** : यसमा मुलधर्म, द्वार, भूमि, धर्म नाम आदिको निक्षेप वयान गरेको छ ।

**अत्थुधार** : यसमा बुद्धवचनको बारेमा बयान गरेको छ ।

**२. विभंग प्रकरण**

धर्मलाई विभंग गरी अर्थात् विभाजन गरी देखाएको कारणले यसलाई यो नाम दिइएको हो । यसमा विभंग १८ वटा छन् ।

१. खन्धविभंग, २. आयतनविभंग, ३. धातुविभंग, ४. पच्चविभंग, ५. इन्द्रियविभंग, ६. पच्चयाकारविभंग, ७. सतिपट्ठानविभंग, ८. सम्पदानविभंग, ९. इद्धिपादविभंग, १०.

बोज्झङ्गविभंग, ११. मग्गविभंग, १२. झानविभंग, १३. अप्पमादविभंग, १४. सिक्खापदविभंग, १५. पटिसम्भिदाविभंग, १६. ज्ञानविभंग, १७. खुद्दकवस्तुविभंग, १८. धम्मपदविभंग

**३. कथावत्थु प्रकरण**

पुद्‌गल आदि कथाहरूको लागी वस्तु भएको कारणले गर्दा यसलाई कथावस्तु भनिएको हो । अन्य मतवाद खण्डन गर्नको लागी यो ग्रन्थ रचना गरिएको हो । यसको श्रेय मोग्गलिपुत्त तिस्स भन्तेलाइ जान्छ । यसमा थेरवाद सुत्त ५०० वटा र महासांघिक सुत्त ५०० अन्तर्गत छ ।

**४. पुग्गलपञ्ञति प्रकरण**

यसमा कारणाहरू पुदगललाई निर्देश गरिएकोले यो नाम राखिएको हो ।

१. खन्धपञ्ञति, २. आयतनपञ्ञति, ३. धातुपञ्ञति, ४. सच्चपञ्ञति, ५. इन्द्रियपञ्ञति, ६. पुग्गलपञ्ञति, गरी ६ भागमा विभाजन गरिएको छ ।

**५. धातु कथा प्रकरण**

स्कन्ध, आयतन धातुलाई विभिन्न तरिकाले टुक्राएर देखाएको कारणले यसलाई यो नाम दिइएको हो । यो उद्देश निद्देश गरी २ भागमा विभाजन गरिएको छ ।

**६. यमक प्रकरण**

यसमा वयान हुने धर्म कारणाहरू युगल भएकोले यसलाइ यमक नाम दिइएको हो ।

१. मूलयमक, २. खन्धयमक, ३. आयतनयमक, ४. धातुयमक ५. सच्चयमक, ६. संखारयमक, ७. अनुसययमक, ८. चित्तयमक ९. धम्मयमक, १०. इन्द्रिययमक

**७. पट्ठान प्रकरण**

यसमा २४ प्रकारका हेतुप्रत्य धर्मको बारेमा वयान गरिएको छ ।

१. हेतुपच्चय, २. आरम्मणपच्चय, ३. अधिपतिपच्चय, ४. अनन्तरपच्चय, ५. समनन्तरपच्चय, ६. सहजातपच्चय, ७. अञ्ञमञ्ञपच्चय, ८. निस्सयपच्चय, ९. उपनिस्सयपच्चय, १०. पुरेजातपच्चय, ११. अत्थिपच्चय, १२. विगतपच्चय, १३. पच्चजातपच्चय, १४. आसेवनपच्चय, १५. कम्मपच्चय, १६. विपाकपच्चय, १७. आहारपच्चय, १८. इन्द्रियपच्चय, १९. झानपच्चय, २०. मग्गपच्चय, २१. सम्पयुत्तपच्चय, २२. विप्पयुत्तपच्चय, २३. नत्थिपच्चय

यसरी प्रकरण ७ वटाले अभिधर्म पिटक युक्त छ । वर्तमानमा भएको त्रिपिटक सयौं वर्षदेखि संवर्धित हुँदै आएको देखिन्छ । ♦


**सम्झनुहोस्**

**सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| निक्षेपतर्फ | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्षे मुद्दतीमा सँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

रजिष्टर्ड नं. ९००/०६२-६३

**क्रमिक बचत गर्ने बानी बसालौं**
**बोट नमासी मिठो फल खाऔं**

# इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि.

गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८
**इमेल:** indrenico_operative@yahoo.com

## इन्द्रेणी सहकारीको रेमिट सेवा

WESTERN UNION मनि ट्रान्सफर | PRABHU Money Transfer | meroremit | NABIL REMIT | UNION MONEY TRANSFER CO.LTD.

**संसारको जुनसुकै ठाउँबाट पठाएको रकम**
**सप्ततारा इन्टरनेशनल प्रा.लि.**
**मार्फत**
**इन्द्रेणी सहकारी गुरूजुधारामा तुरून्तै पाइन्छ ।**
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८


सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो ।
अत्तानं उपमं कत्वा – न हनेय्य न घातये ॥

*अर्थात् : दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्छन् । त्यसकारण सबै प्राणीलाई आफूजस्तै संझी तिनको हिंसा नगर्नू, नगराउनू ।*



दशपारमिता-७

# दान पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

*वंगु ल्याः पाखें कथहं .....*

## वेस्सन्तर जातक

वेस्सन्तर जातकयात नेपालय् विश्वन्तरया बाखं धाइ । वथें मद्दि रानीयात मंदिरा रानी धाइ । तर थथे नां पाःसां बाखंया मूखं मपाः । उकिं पालिया बाखं थन न्ह्यथने, गुगु मूल रूपया बाखं जुयाः बाखनय् दुने च्वंगु खँ वाला स्वयेत वा सार कायेत नं ख्यलेदु ।

वेस्सन्तर राजकुमार शिवि देशया जुजु सञ्जयया छय् खः । वसपोलया बौया नां सञ्जय खः, मांया नां फुसतिदेवी । बोधिसत्त्वयात झिंखुदँ दुबलय् भाद्र राजकुलया मद्दि धयाम्ह राजकुमारी विवाह यानाबिल । तर थुम्ह बोधिसत्त्व वेस्सन्तरया जीवन जुयाच्वन दान पारमिताया जीवन, त्याग चरित्रया उज्ज्वल उदाहरण ।

बोधिसत्त्व वेस्सन्तरं थः च्यादँति दुबलय् हे मती तःगु खः, फ्वं जक फ्वन धाःसा अथवा सुयातं माल जक धाःसा थःगु नुगःचु, मिखा, ला, हि व प्राण तकं दान बी । हानं राज्याभिषेक कासेंनिसें वसपोलं न्हिंन्हय्गू लाख धन फुकाः महादान यानाबिज्यात । थःगु खुगू दानशालाय् लच्छिया खुक्वः स्वयं थम्हं बांलाक दान जू मजू स्वः बिज्याइगु जुयाच्वन ।

थुगु हे इलय् कलिंग देशय् अनावृष्टि जुल । कलिंगया प्रजापिसं अनयाम्ह जुजुयात धाल, 'सञ्जय जुजुया काय् वेस्सन्तर राजकुमारं न्ह्याग्गु दान फ्वं वंसां ब्यू । वसपोलयाके अन देशयाम्ह तुयूम्ह मंगल सम्मतम्ह छम्ह किसि दु । व किसि भ्रीगु देशय् दुत हये फत धाःसा सुवृष्टि जुइ । उकिं सुं ब्रम्हू छ्वयाः व किसि फ्वंके छ्वयेमाल ।'

जुजुं प्रजागणया खँ न्यनाः च्याम्ह ब्राम्हणपिंत उम्ह मंगल सम्मतम्ह किसि फ्वंके छ्वत । बोधिसत्त्व पुन्हीखुनु झिंखुगः घःया लखं मोल्हुयाः पूर्वपाखे च्वंगु दानशालाय् बिज्याःगु जुयाच्वन । अन बोधिसत्त्वयात नाप लाये मफुसेंलि दक्षिणपाखेयागु दानशालाया लुखाय् च्वनाः 'वेस्सन्तरया जय ! वेस्सन्तरया जय !! धकाः ल्हाः ब्वयेकाः ब्वयेकाः ब्रम्हूत ततःसकं हालाच्वन ।

वेस्सन्तर राजकुमारं इपिं हालाच्वंगु तायाः इमित छु माल धकाः न्यनाबिज्यात । इमिसं अले बोधिसत्त्वयात फक्व प्रशंसा याये धुंकाः थःगु देशय् जुयाच्वंगु दुर्भिक्षया बयान न्यंकल । हानं अन्तरय् दान फ्वंसे धाल, 'जिपिं छलपोलया मंगल सम्मतम्ह किसि छम्ह दान कायेत हे थुलिमछि दुःख सियाः वया ।'

बोधिसत्त्वं 'जिं थःगु शरीरय् च्वंगु ला, हि व प्राण तकं ला फ्वं जक वःसा दान बी धकाः च्वना । थुमिसं ला पिने च्वंगु वस्तु जक फ्वन' धकाः मती तसे उम्ह किसियात सकतां पूवंक छाय्पाः इमित छ्यलीगु वस्तुत समेतं दान बियाबिज्यात । तर उम्ह मंगल सम्मतम्ह किसि छु दान बिल । देशवासीपिं सकलें हे तंम्वल । इमिसं जुजुया थाय् वनाः धाः वन, 'महाराज गुम्ह किसि मन्त धायेवं भ्रीगु देशय् दुर्भिक्ष जुइफु । अजाम्ह सुलक्षणम्ह किसि छलपोलया कायनं दान बिल । आः थ्व राज्यया छु गति जक मजुइ ! यदि छलपोलं जिमिगु बिन्ति मन्यंसा छलपोलया काय् सहित शिवि राज्य समेत थनया मनूतय्सं थःगु ल्हाःतय् लाकी ।'

प्रजापिनिगु थुगु खँ न्यनाः सञ्जयया मनय् साब दुःख जुल । वं थः काय् वेस्सन्तरयात अथे दान यायेगु चाल तोति धकाः धाल । तर बोधिसत्त्वं थ्व बीगु चाल तोतेगु स्वीकार मयाः । बरू वसपोलं वंक पर्वत वनेगु खँ स्वीकार यानाबिज्यात । अले बिदा कायेया निंतिं थःम्ह रानी मद्दीदेवीया थाय् बिज्यात । तर मद्दीदेवी थः नं लिसें वयेगु खँय् जिद्दी यात । मचातय्सं दुःख सी धकाः नं लिगन । तर अथे नं 'ज्यू दय्' मधाः । मस्त नं ब्वनाः सकलें माचाछिं वंक पर्वत वनेगु खँय् हे जक जिद्दी यात । अन्तय् जुल नं अथे हे । मां-बौपिं ह्वाँय् ह्वाँय् ख्वयेकाः विश्वन्तर व मद्दीदेवी, बाज्या-अजिपिनि नुगः तयाः तये थाकुक मस्त जालीकुमार व कृष्णजिनी नापं ब्वनाः वंक पर्वतय् वनेत पिहां वन ।

वेस्सन्तर पिहां वनेवं आपालं मनूतय् नुगः ख्वल । अथे नुगः ख्वयेकूपिं मध्यय् आः दान काये खनी मखुत

बाँकी अर्को अंकमा...

# Restoring Lumbini's integrity



James G. Heller

How did 11 cement companies begin manufacturing in the Lumbini Protected Zone (LPZ) after UNESCO had already inscribed this sacred place,the Birthplace of the Buddha, as a World Heritage Site? These firms began operations between 2001 and 2007 despite the decision on Dec. 6, 1997 of UNESCO's World Heritage Committee (WHC) to inscribe Lumbini as a property with outstanding universal value. These industries produce over 2.3 million tonnes of cement products annually and their emissions and effluents have contaminated local ground water, streams and atmosphere in flagrant contravention of Nepal's Environmental Protection Act. This pollution impacts local agriculture, drinking water, the health of Lumbini residents as well as wildlife and endangered species in surrounding nature preserves. Their cement trucks have caused accidents, traffic snarls and road deterioration on the Bhairahawa Lumbini highway.



The government's Department of Commerce (DoC) has tested products manufactured by six cement companies, four of which are in the LPZ (Nepal Ambuja, Relieance, Agni and Jagadamba) and found several failed to meet its criteria for composition of raw materials and compressive strength. As a result, the DoC has banned production and sale of these products.

But cement production is not the only source of Lumbini's pollution. There are 37 brick kilns, two steel mills and a pulp and paper mill adding to LPZ contamination. This pollution will undoubtedly cause deterioation of archaeological sites (e.g. Ashoka's pillar)

Some LPZ cement industires under Indian ownership capitalise on cheaper Nepali labour, water availability and proximity to the border. They gain preferential access to existing infrastructure (i.e. electricity supply and paved roads) originally intended to serve pilgrims and tourists, leaving Lumbini in darkness for an average of 11 hours daily. By using their own imported limestone inputs, they shut out competing Nepali limestone enterprises and capture a larger share of the economic value of their cement products. Apart from a boost to local employment of what economic benefit are these industries to Nepal?

The inescapable conclusion is that this concentration of heavy industries is transpforming the character of LPZ from a world class tourist, archaeological and pilgrim destination nestled in an agrarian community to an increasingly polluted industrial zone. This situation must be turned around before it becomes an environmental, public health and public safety catastrophe.

To its credit, the government has awakened to the dilemma, On Nov. 27, 2009 the Ministry of Industry's Industrial Promotion Board (IPB) responded positively to a petition signed by attendees of an environmental conference including representatives of governmeent, local industries and hospitality firms, archaeologists, journalists and monastics held in Lumbini's Sacred Gardens on Nov. 7-9, 2009. The petition requested that the governmeent: (1) create an industry-free zone around Lumbini, (2) freeze the establishment of new industries outside the industry-free area, and (3) strictly monitor existing industrial firms.

The IPB made several decisions that will help restrict industiral activities: (1) New carbon emitting industries will be excluded from a designated area around the Lumbini World Heritage Property (LWHP) that extends 15 km north, east and west of the LWHP boundaries, south to the Indian border and 800 metres on both sides of the road along the Lumbini-Bhairahawa Corridor; (2) Existing LPZ industries can operate only if they respect the Environmeent Protection Act. Industries not respecting the Act must relocate within two years and will be denied furtheer increases to their capital, capacity, objectives and present levels of electrity consumption; (3) A Lumbini Development Trust representative will be a member of the Environmental Review Committee overseeing approvals under the Act by non-carbon emitting enterprises to establish operations in the Lumbini area and along the Bharahawa-Lumbini roads up to the airport and by existing industries for further increases in their capital, capacity, objectives and electricity consumptin; (4) Registered, non-operating LPZ industries must observe the Act and take pollution control measures before operating. Non-performers will be relocated elsewhere promptly..

The IPB's decision sparked the establishment of the Lumbini Environmental Protection Alliance (LEPA) including the Lumbini Development Trust (LDT), which oversees this world Heritage Site; Lumbini Institutions (the monastic community of Lumbini); and Lumbini stakeholders (local and international people adn organisations related to Buddhism and the environment, and district-level government bodies). LEPA has developed an online petition with recommendations that has been signed already by over 6,00 supporters worldwide.

LEPA has used Google Earth's satellitte imagery to dfine LPZ boundaries using GPS coordinates pinpoint LPZ industries, and document their footprints (their capital, capacity and objectives where available and close up aerial photos of their operations). In addition, LEPA has recommended that the IPB's Nov. 27, 2009 Decisions and LPZ boundaries should be published through a public notice in a national newspaper. Also that a concise, integrated zoning plan should be developed for the area and presented to the public. This will clarify the allowable new development and industrial activity in the LPZ.

The IPB's decisions should be expanded to require notification by letter of other interested parties and stakeholders before applications for development or industrial activity are approved. Requests for new development permits or expansion of existing facilities should include GPS coordinates, verified by an independent thir party, of the proposed site and the Village Development Committee (VDC). The IPB's laudable decision to spend Rs. 150,000 on an initital LPZ environmental survey should be expanded to requuire an ongoing comprehensive,professional environmental monitoring programme to meet the Act's pollution control standards. A long term strategy to monitor and measure the potential and actual environmental impacts of all LPZ industrial activities and to manage industrial growth should be developed and published. This strategy should include a coordinated plan with zoning guidelines for managing development in the LPZ (including truck traffic on the Lumbini-Bhairahawa road and noise pollution).

An Aug. 25, 2010 report in Gorkhapatra noted a recent IPB decision permitting non-carbon emitting industries, including small and cottage industries to locate the LPZ. According to Tara Prasad Bhattarai, Cottage and Small Industries Officer for the governmeent, this decision woould include small manufacturing and service industries; and exclude 28 types of large carbon emitting industries among them cement, leather, sugar, paper, distillery, stone and concrete, brick and tiles, tobacco and animal slaughtering.

Despite the IPB's rulings however, Goenka (Goyanka) Cement Pvt. Ltd. began constructing a new cement plant in the LPZ in june 2010. This plant's location violates two provisions of the IPB's Nov. 2009 ruling, because of its location within both the LPZ and the prohibited 800 metre corridor around the Lumbini-Bhairahawa road. In July 2010, this firm also filed trademark applications.

We call upon the government to act swiftly and diligently to enforce its own IPB decision and stop this new heavy industry construction. Lumbini's friends every where ask that the government act now to restore its environmental integrity and the original Nepali and internatinal vision for this World Heritage Site.

(Heller is associate professor at Dalla Lana School of Public Health, niversity of Toronto)

(Source: The Kathmandu Post 26 Oct. 2010)

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

६ आश्विन २०६७, स्वयम्भू । कतिं पुन्हि-आश्विन पूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापछि उहाँ महास्थविरबाट बुद्धपूजा गराउनुभयो । त्यसपछि भिक्षु शरणंकरले जीवनमा सुखशान्ति प्राप्त हुने कथात्मक उपदेश देशना गर्नुभयो ।

## आनन्द कुटीमा कथिनोत्सव सम्पन्न

७ कार्तिक, भिक्षु कुमारकाश्यप महास्थविरसहित अन्य भिक्षुसंघको वर्षावास पूर्णभएको उपलक्ष्यमा कथिन चिवर दान कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा भिक्षु धर्ममूर्ति महास्थविरले धर्मदेशना गर्नुएको थियो । सम्पन्न कथिनोत्सवको सम्पूर्ण अभिभार कर्मलक्ष्मी कंसाकार, स्वयम्भूमान ताम्रकार, सर्वज्ञमान ताम्राकारले जिम्मा लिनुभएको थियो ।

## २२७२ औं शस्त्र परित्याग दिवस सम्पन्न

३१ असोज, चापागाउँ । महान धर्म सम्राट अशोकद्वारा अस्त्रशस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानका सूत्रधार गर्नुभएको महान विजयादशमीको दिन २२७२ औं शस्त्र परित्याग दिवस समारोह सम्पन्न भयो । थेरवाद बौद्ध दायक केन्द्रीय परिषद् एवम् ज्योति उदय विहार, चापागाउँको संयुक्त रूपमा आयोजना भएको उक्त समाराहोमा भिक्षु अशोक, अनागारिका वीर्यपारमी, थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का अध्यक्ष बखतबहादुर चित्रकार, सचिव विष्णु रत्न शाक्य, डा. सानुभाई डंगोल, डा. लक्ष्मण शाक्यले सम्राट अशोकको योगदान बारे चर्चा गर्दै शस्त्र परित्याग दिवसको महत्वबारे बोल्नुभयो । सो कार्यक्रम बद्री देसारले संचालन गर्नुभयो ।

## दक्षिण एसियाली युवक बौद्ध सम्मेलन सम्पन्न

८ कार्तिक, ललितपुर । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरले एक धार्मिक समारोहबीच दुईदिने दक्षिण एसिया अन्तर्राष्ट्रिय युवा बौद्ध सम्मेलन (South Asian International Buddhist Youth Exchange 2010) समुद्घाटन गर्नुभयो । युवक बौद्ध मण्डल, नेपालका अध्यक्ष हेरारत्न शाक्यको सभापतित्वमा सम्पन्न सो समारोहमा कार्यक्रमका संयोजक सनम शाक्यले स्वागत गर्नुभयो ।

## विश्वशान्ति स्तूप एघारौं वर्षमा

१३ कार्तिक, पोखरा विश्वशान्ति स्तूप समितिका अध्यक्ष तिलक मान गुभाजुको सभापतित्वमा वार्षिक विशेष धार्मिक पूजा सम्पन्न भयो । विश्व शान्ति स्तूपलाई निरन्तरता दिन रू. २५,०००।- र सोभन्दा बढी रकम चन्दा सहयोग गरी अक्षय कोष स्थापना गर्न योगदान दिने दाताहरूलाई सम्मान पत्र प्रदान गरियो ।

## भिक्षु यशधम्मो देहावसान



१५ कार्तिक, काठमाडौं । भाइलाल अवालेका नामले परिचित समाजसेवी भिक्षु यशधम्मो ७६ वर्षको उमेरमा निधन हुनुभयो । थेरवाद बौद्ध संस्कार पद्धति अनुसार विश्व शान्ति विहारदेखि बालकुमारी मसानघाटसम्म शवयात्रा गरी उहाँको अन्तिम दाहासंस्कार सम्पन्न गरियो । उहाँका गुरू भिक्षु ज्ञानपूर्णिक महास्थविरले मरणधर्मसम्बन्धी उपदेश गर्नुहुँदै विहार पुनःनिर्माणका संयोजक भिक्षु यशधम्मो जस्तो व्यक्तित्व विश्व शान्ति विहारले पुनः प्राप्त गर्न नसकिने उल्लेख गर्नुहुँदै उहाँको योगदानबारे प्रकाश पार्नुभयो ।

## भिक्षु धर्ममूर्तिलाई पितृशोक



२३ कार्तिक, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघका सचिव, आनन्दकुटी विहारका सचिव, आनन्दभूमि बौद्ध मासिकका सल्लाहकार, बाल आश्रम मेत्ता सेन्टरका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरका आदरणीय पिता हिरालाल नकर्मी ९१ वर्षको उमेरमा निधन हुनुभयो । आनन्दकुटी विहारलगायत विभिन्न विहार तथा धर्मश्रृङ्ग विपश्यना ध्यान केन्द्रमा लामो समयसम्म आवद्ध उपासक हिरालाल नकर्मीका ३ छोरा र ४ छोरी छन् ।

## चाबहिलको कथिनमा उप-राष्ट्रपति

२४ कार्तिक २०६७, चाबहिलस्थित श्री अशोक चारूमति स्तुप विहारमा आयोजित कथिन चिवरदान उत्सवमा नेपालका उप-राष्ट्रपति परमानन्द झा उपस्थित हुनुभई उहाँले भिक्षु संघलाई विशेष चिवरदान गर्नुभयो । सो विहारका प्रमुख विश्व युवा भिक्षु महासंघ नेपाल च्याप्टरका अध्यक्ष, चारूमति बुद्धिष्ट मिशनका संस्थापक अध्यक्ष भिक्षु तपस्वी धम्मले विहारको ऐतिहासिकताबारे बोल्नुभयो ।

विशेष समाचार

# लुम्बिनीमा चीनले आठ अर्ब लगानी गर्ने

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध केन्द्रका रूपमा विकास गर्न चीनले आठ अर्ब रूपैयाँको लगानीमा बृहत् परियोजना सञ्चालन गर्ने भएको छ । चिनियाँ बौद्धमार्गीहरूको चाहनामा निजी क्षेत्रले लगानी गर्ने उक्त परियोजना सञ्चालनका लागि नेपाल सरकारले अनुमति दिइसकेको छ । परियोजनामा सय मिटर अग्लो बुद्ध मूर्ति सहित केही नयाँ निर्माण र पुनः निर्माणको प्रस्ताव गरिएको छ ।

नेपालका लागि चिनियाँ पूर्व राजदूत लि थप्याओ अध्यक्ष रहेको बेइजिङ जोङताई जिङ्सु इन्भेस्टमेन्ट कम्पनीले परियोजना सञ्चालनको अनुमति पाएको हो । "इस्लामको मक्का, क्याथोलिकको भ्याटिकन सिटीजस्तै लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध केन्द्रका रूपमा विकास गर्न यो परियोजना ल्याइएको हो," पूर्व राजदूत लीले भने, "चिनियाँ बुद्धिस्ट एसोसिएसन, बौद्ध गुम्बा र भिक्षुहरूले बुद्धको जन्मस्थल लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध केन्द्रका रूपमा विकास गरी नेपालबाट विश्वभर शान्तिको सन्देश बाँड्न चाहेका छन् ।

संस्कृति तथा राज्य पुनर्संरचना मन्त्रालयका सचिव मोदराज डोटेलका अनुसार परियोजनामा सय मिटर अग्लो बुद्ध मूर्ति निर्माण गर्ने, मायादेवी मन्दिरका बाँकी रहेका भागको उत्खनन् गर्ने, अन्तर्राष्ट्रिय बौद्ध संग्रहालय निर्माण गर्ने र लुम्बिनी क्षेत्रभित्र प्रदुषणरहित बस सञ्चालन गर्ने प्रस्ताव छ । "लुम्बिनीमा अहिलेसम्मकै ठूलो यो परियोजना प्रस्तावलाई अगाडि बढाउन सरकारले स्वीकृति दिएको हो" डोटेलले भने, निजी लगानी भएकाले विस्तृत डिजाइन र चीन सरकारको सहमति पर्खिरहेका छौं ।"

श्रोतका अनुसार सरकारले स्वीकृति दिइसकेकाले लुम्बिनी विकास कोष र चिनियाँ कम्पनीबीच एक महिनाभित्र परियोजनामा सम्झौता हुँदैछ । परियोजनाका नेपाल संयोजक विनोदबहादुर श्रेष्ठले विश्वभरका बौद्धमार्गीलाई आकर्षित गर्न सय मिटर अग्लो बुद्ध मूर्ति निर्माण गर्न लागिएको बताउँदै नेपाली कालिगढहरूले नै काम गर्दा पनि त्यसमा चार अर्ब खर्च हुने अनुमान गरिएको जानकारी दिए । "लुम्बिनीमा थुप्रै देशले आ-आफ्नो मान्यता अनुसारका बौद्ध मन्दिर बनाएका छन् । ती सबैलाई समेट्ने गरी अन्तर्राष्ट्रियय बौद्ध केन्द्र बनाउन लागिएको हो" श्रेष्ठले भने ।

सय मिटर अग्लो बनाउँदा पनि लुम्बिनीको बुद्ध मूर्ति विश्वको सातौं नम्बरमा पर्नेछ । ३० करोड बौद्ध धर्मका अनुयायी रहेको चीनमा अहिलेसम्म विश्वका अग्ला दशमध्ये पाँच बुद्ध मूर्ति छन् । हेनान राज्यको लुसानमा अहिलेसम्म विश्वका अग्ला दसमध्ये पाँच बुद्ध मूर्ति छन् । हेनान राज्यको लुसानमा अहिलेसम्मकै अग्लो १ सय २८ मिटरको मूर्ति छ । हजार टनको यो मूर्ति आठ वर्ष अघि निर्माण गरिएको थियो । चीनकै हाइनानमा १ सय ८ मिटर, झेङ्झोउमा १ सय ६, हुनानमा ९९ र उक्सीमा ८८ मिटर अग्ला बुद्ध मूर्ति छन् । अहिलेसम्मको दोश्रो अग्लो १ सय १६ मिटरको मूर्ति म्यान्मार र तेश्रो १ सय १० मिटर अग्लो जापानमा छन् । हङकङ, मकाउ, ताइवान र मुख्यभूमि चीनका बौद्धमार्गीहरूको लगानीमा चीनमा पछिल्ला दश वर्षमा यस्ता दशभन्दा बढी बुद्ध मूर्ति निर्माण गरिएका छन् । धार्मिक र पर्यटकीय हिसाबले यी क्षेत्रमा हरेक वर्ष दसौं लाख मानिसले भ्रमण गर्दै आएका छन् । चीनको सियानबाट अनुभवी र दक्ष व्यक्ति ल्याएर मायादेवी मन्दिरको वरिपरि बाँकी रहेको पुरातत्व उत्खनन् गर्ने र मन्दिरनजिकै विश्वस्तरको पवित्र धार्मिक बगैंचा निर्माण गरिने श्रेष्ठले बताए । नेपाली शैलीको अन्तर्राष्ट्रिय बौद्ध संग्रहालय र अनुसन्धान केन्द्र एकै ठाउँमा निर्माण गरिने छ भने प्रदुषणरहित विद्युतीय बस र नहरमा डुंगा सञ्चालन गर्ने योजना छ । चिनियाँ कम्पनीले थप बजेटमा पाँचतारे पर्यटकीय होटल सञ्चालन गर्ने प्रस्ताव पनि राखेको छ । तर, सचिव डोटेलका अनुसार अन्य काम शुरू भएपछि मात्र सरकारले होटल र नहरमा डुंगा सञ्चालनका लागि स्वीकृति दिने सोच छ ।

लुम्बिनी विकास कोष र सरकारको नियम कानुनमा रहेर वैज्ञानिक तरीकाले ऐतिकासिक सम्पदालाई संरक्षण गरिने बताउँदै नेपालमा सबभन्दा लामो समय साढे चार वर्ष राजदूतको रूपमा बिताएका लीले लुम्बिनी परियोजना नाफामुखी नभएर चिनियाँले नेपालीलाई दिन लागेको नयाँ किसिमको सहयोग भएको बताए । लुम्बिनी विकास परियोजनामा आफूले दुई-तीन वर्षदेखि काम गरिरहेको बताउँदै उनले भने, "करिब पाँच वर्षमा लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध केन्द्रका रूपमा विकास गरी नेपाल सरकारलाई चिनियाँ जनताको उपहारको रूपमा हस्तान्तरण गर्नेछौं ।

(श्रोतः पूर्ण बस्नेत, बेइजिङ, नागरिक दैनिक - ५ मंसिर २०६७)

# यसवर्ष विभिन्न विहारहरूमा सम्पन्न कथिनोत्सव तालिका

| मिति | तिथि | विहार | धर्मदेशक | दाता |
|---|---|---|---|---|
| कार्तिक ६ | कतिंपुन्ही | पूर्वाराम विहार, धुलिखेल | भिक्षु सुमेध महास्थविर | रामप्रसाद तक्सारी सपरिवार |
| कार्तिक ७ | पारू | आनन्दकुटी विहार, स्वयम्भू | भिक्षु धर्ममूर्ति महास्थविर | कर्मलक्ष्मी, स्वयम्भूमान, सर्वज्ञमान |
| कार्तिक ७ | पारू | अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी | भिक्षु अशोक | विहार परिवार |
| कार्तिक ८ | द्वितीया | प्रणीधिपूर्ण विहार, बलम्बू | भिक्षु सुमेध महास्थविर | तीर्थनारायण, पूर्णप्रसाद, सीतादेवी मानन्धर |
| कार्तिक ९ | तृतीया | ध्यानकुटी विहार, बनेपा | संघउपनायक भिक्षु अश्वघोष | बुद्धकाजी मानन्धर सपरिवार |
| कार्तिक १० | चतुर्थी | विश्वशान्ति विहार, नयाँ बानेश्वर | भिक्षु ज्ञानपूर्णिक महास्थविर | लीली कम तथा मलेसियन दाताहरू |
| कार्तिक ११ | पं./ष. | संघाराम विहार, ढल्को | संघउपनायक भिक्षु अश्वघोष | चम्पा उपासिका पुचः, धर्मकीर्ति |
| कार्तिक १२ | सप्तमी | मातातीर्थ चतुर्ब्रह्म विहार | भिक्षु धर्ममूर्ति महास्थविर | आनन्दकुटी मिसा पुचः |
| कार्तिक १२ | सप्तमी | आनन्द विहार, पाल्पा | भिक्षु अशोक | विहार तथा ज्ञानमाला परिवार |
| कार्तिक १३ | अष्टमी | मणिमण्डप विहार, यल | भिक्षु सुमेध महास्थविर | चिरीमाया महर्जन सपरिवार |
| कार्तिक १३ | अष्टमी | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र | भिक्षु कुण्डल सयादो | ध्यान केन्द्र परिवार |
| कार्तिक १४ | नवमी | सुमङ्गल विहार, लुँखुसि | भिक्षु सुमेध महास्थविर | ९म्ह गुरुमां व ७म्ह उपासिका |
| कार्तिक १५ | दशमी | धम्मावास विहार, खुसिबुँ | भिक्षु कोण्डन्य | मायादेवी महर्जन सपरिवार |
| कार्तिक १५ | दशमी | बौद्धसमकृत विहार, ख्वप | भिक्षु कोलित महास्थविर | विहार परिवार |
| कार्तिक १६ | एकादशी | जितापुर गन्धकुटी विहार, खोकना | भिक्षु सुमेध महास्थविर | विहार परिवार |
| कार्तिक १७ | द्वादशी | पुण्य उदय विहार, हरिसिद्धि | संघउपनायक भिक्षु अश्वघोष | विहार परिवार |
| कार्तिक १७ | द्वादशी | वेलुवनाराम विहार, थेचो | भिक्षु सरणंकर | अनागारिका वीर्य पारमी |
| कार्तिक १८ | त्रयोदशी | धर्मचक्र आश्रम, बागबजार | भिक्षु भद्दिय महास्थविर | आशारत्न व विहार परिवार |
| कार्तिक १८ | त्रयोदशी | पाटी विहार, ठिमी | भिक्षु धम्मसोभन महास्थविर | कान्छाभाइ प्रजापति परिवार |
| कार्तिक १९ | चतुर्दशी | बुद्धभूमि विहार, टोखा | भिक्षु धम्मसोभन महास्थविर | श्रीधरलाल मानन्धर व विहार |
| कार्तिक २० | औंशी | चित्रवन विहार, नारायणगढ | भिक्षु भद्दिय महास्थविर | विहार परिवार |
| कार्तिक २३ | तृतीया | विजयाराम विहार, दोम्बु | भिक्षु भद्दिय महास्थविर | भवानी परिवार |
| कार्तिक २३ | तृतीया | बौद्धजन विहार, सुनागुठी | भिक्षु पञ्ञारतन | तुलसीदास महर्जन व विहार |
| कार्तिक २४ | चतुर्थी | सिद्धिमंगल विहार, थसी | भिक्षु बोधिसेन महास्थविर | धनमाया महर्जन सपरिवार |
| कार्तिक २४ | चतुर्थी | अशोक चारुमती स्तूप विहार* | सभासद् भिक्षु आनन्द | पद्मशोभा कंसाकारसहित १६म्ह |
| कार्तिक २५ | पञ्चमी | शुभमंगल विहार, थानकोट | भिक्षु भद्दिय महास्थविर | नारायणदेवी महर्जन सपरिवार |
| कार्तिक २६ | षष्ठी | बोधिचर्या विहार, बनेपा | भिक्षु पञ्ञासार | चन्द्रज्योति शाक्य परिवार |
| कार्तिक २७ | सप्तमी | रत्न विपश्यना विहार, स्वयम्भू | भिक्षु सुजनप्पिय महास्थविर | हर्षरत्न ताम्राकार सपरिवार |
| कार्तिक २७ | सप्तमी | नगरमण्डप श्रीकीर्ति विहार, किपू* | भिक्षु कोण्डन्य | शंकर मानन्धर, पुष्परत्न |
| कार्तिक २७ | सप्तमी | शाक्यसिंह विहार, थैना | भिक्षु धर्मपाल महास्थविर | फ्रा. खु विशाल धर्मपाल |
| कार्तिक २८ | अष्टमी | गण महाविहार, यें | संघउपनायक भिक्षु अश्वघोष | लक्ष्मी नारायण डंगोल परिवार |
| कार्तिक २८ | अष्टमी | शान्तिवन, गोदावरी | भिक्षु कोण्डन्य | विजय वज्राचार्य सपरिवार |
| कार्तिक २९ | नवमी | पद्मसुगन्ध विहार, मजिपात | भिक्षु भद्दिय महास्थविर | सुलक्षणकीर्ति विहार मिसापुचः |
| कार्तिक ३० | दशमी | बुद्ध विहार, भृकुटीमण्डप | भिक्षु भद्दिय महास्थविर | लक्ष्मीदेवी तण्डुकार सपरिवार |
| कार्तिक ३० | दशमी | गौतमबुद्ध विहार, पाङ्गा* | भिक्षु कोण्डन्य | विहार सपरिवार |
| कार्तिक ३० | दशमी | धापाखेल बुद्ध विहार* | भिक्षु पञ्ञासार | विहार परिवार |
| मंसिर १ | एकादशी | श्रीघः विहार, यैं | भिक्षु कोण्डन्य | नाती व तीर्थ महर्जन सपरिवार |
| मंसिर १ | एकादशी | धर्मशीला बुद्ध विहार, पोखरा | भिक्षु निग्रोध | विहार परिवार |
| मंसिर २ | द्वादशी | जितवन विहार, थानकोट | भिक्षु अशोक | गुणकाजी महर्जन सपरिवार |
| मंसिर ३ | त्रयोदशी | आनन्दभूवन विहार, स्वयम्भू | संघउपनायक भिक्षु अश्वघोष | सामूहिक विहार परिवार |
| मंसिर ३ | त्रयोदशी | ज्ञानकीर्ति विहार, नयाँ बजार | भिक्षु पञ्ञासार | विहार सपरिवार |
| मंसिर ४ | चतुर्दशी | यम्पि महाविहार, यल | संघउपनायक भिक्षु अश्वघोष | विहार सपरिवार |
| मंसिर ४ | चतुर्दशी | शान्तिवन, धुलिखेल | भिक्षु ज्ञानपूर्णिक महास्थविर | नानी शाक्य परिवार |

*दिउँसो कथिनोत्सव सम्पन्न । अन्य विहारहरूमा विहान सम्पन्न